# साकेला गाउँपालिकाको

# नीति, कार्यक्रम तथा बजेट –आ.व. २०८२/०८३


साकेला गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मानेभन्ज्याङ, खोटाङ ।

प्रस्तुत कर्ताः

मान्य बिर्सिका राई

उपाध्यक्ष

साकेला गाउँपालिका, मानेभन्ज्याङ, खोटाङ ।

साकेला गाउँपालिकाको मिति २०८२।३।१० गतेको पन्ध्रौं गाउँ सभामा प्रस्तुत भई मिति २०८२।३।१० गते पारित गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट २०८२/०८३ नियमानुसार प्रमाणित गर्दछु ।

मितिः २०८२।०३।११

.............................

रवि प्रकाश राई

अध्यक्ष

सभा अध्यक्ष महोदय,
गाउँ सभाका मान्य सदस्यज्यूहरु,
गाउँ कार्यपालिका तथा अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारी वर्ग,
सुरक्षाकर्मी तथा पत्रकार मित्रहरु ।

सर्वप्रथम म आजको यस सम्मानित पन्ध्रौं गाउँ सभामा साकेला गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा आफूलाई सौभाग्यशाली ठान्दै गौरवको अनुभूति गरिरहेकी छु । सर्वप्रथम नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न योगदान गर्नुहुने तमाम नेपाली जनता र साकेला गाउँपालिकावासी नागरिक प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यसैगरी नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको सम्पूर्ण लडाइँमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

सभा अध्यक्ष महोदय,

साकेला गाउँपालिकाको दिगो विकासको प्रयासलाई अगाडि बढाइरहँदा नेपालको संविधान, दिगो विकासको लक्ष्य (वर्तमान अवस्था र भावी मार्गचित्र –सन् २०१६ -२०३०), नेपालको दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकारको क्षेत्राधिकार भित्र रही गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न किसिमका ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको व्यहोरा अनुरोध गर्दछु । साकेला गाउँपालिकाको प्रथम पाँच वर्षे आवधिक योजना (२०८२/०८३ -२०८४/०८५) लगायत उल्लिखित ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको अधिनमा रही गाउँपालिकाको विकासको प्राथमिकताका क्षेत्र निर्धारण गरी आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरिएको व्यहोरा यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

सभा अध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा गाउँपालिकाले लिएको मुख्य आधार एवम् योजना छनौट प्रक्रियाको प्राथमिकताको आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा लिइएका मुख्य आधारहरुः**

१. नेपालको संविधानको अनुसूची -८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारहरु,
२. नेपालको संविधानको भाग ४ अन्तर्गत राज्यका आर्थिक, सामाजिक, सांस्कृतिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को स्थानीय आर्थिक कार्य प्रणाली,
३. दिगो विकासको लक्ष्य (वर्तमान अवस्था र भावी मार्गचित्रः सन् २०१६-२०३०),
४. नेपाल सरकारको योजनावद्ध विकास प्रयासको संक्षिप्त समीक्षा सहितको सोह्रौं योजना (आर्थिक वर्ष २०८१/०८२ -२०८५/०८६),
५. कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/०८२ -२०८५/०८६),
६. साकेला गाउँपालिकाको प्रथम आवधिक योजना (आर्थिक वर्ष २०८२/०८३-२०८४/०८५),
७. राष्ट्रिय भू -उपयोग नीति, २०६९,
८. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
९. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,

१०. स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४,
११. संघीय सरकार, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धी ऐन, २०७७,
१२. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित),
१३. नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु/नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
१४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
१५. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४,
१६. संघीय सरकार र प्रदेश सरकारले अवलम्वन गरेका अन्य आर्थिक नीतिहरु,
१७. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट शिलिङ तथा मार्गदर्शन,
१८. स्थानीय राजश्व परामर्श समितिले निर्धारण तथा प्रक्षेपण गरेको आन्तरिक स्रोत,
१९. गाउँपालिकाको भूगोल, हावापानी, धर्म, संस्कार, रीतिरिवाज र सामाजिक संरचना,
२०. गाउँपालिकामा उपलब्ध हुन सक्ने प्राकृतिक, भौतिक तथा मानवीय स्रोत,
२१. स्थानीय स्तरमा उपलब्ध हुन सक्ने रैथाने कृषि बाली तथा पशुपन्छीहरु,
२२. गाउँपालिकामा तयार भइसकेको भौतिक पूर्वाधार लगायत अन्य विषयगत पूर्वाधारहरु ।

### आर्थिक वर्ष २०८२/०८३ लागि योजना छनौट प्रक्रियाको प्राथिमकताका आधारहरुः

१. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त विभिन्न शिर्षकमा हस्तान्तरण हुने वित्तीय अनुदान,
२. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले निर्धारण गरेको बजेट सिमा तथा मार्गदर्शन,
३. दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने योजनाहरु,
४. संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार निकाय र गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन भईरहेका क्रमागत तथा बहुवर्षीय योजनाहरु,
५. विविध कारणले समयमा सम्पन्न हुनं नसकेका अधुरा योजनाहरु,
६. अन्तर गाउँपालिकाको विकासमा ठोस योगदान दिने योजनाहरु,
७. भूगोल र हावापानीको आधारमा हुने व्यावसायिक कृषि तथा पशु पकेट क्षेत्रका योजनाहरु,
८. एक टोल एक उत्पादन,
९. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजनाहरु,
१०. निजी लगानी तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना तथा सञ्चालन,
११. रैथाने जातको कृषि बाली, नगदे बाली तथा पशुपन्छी विकास,
१२. रोजगारमूलक, उत्पादनमूलक तथा कम समयमा प्रतिफल दिन सक्ने क्रियाकलापहरु,
१३. स्थानीय स्रोतसाधन र सीपको अधिकतम प्रयोग हुने योजनाहरु,
१४. स्थानीय वासिन्दाबाट जनसहभागिता जुट्ने तथा कम लागत हुने योजनाहरु,
१५. प्राकृतिक प्रकोप, विपद व्यवस्थापन तथा वातावरण संरक्षणमा सहयोग पुग्ने योजनाहरु,
१६. स्थानीय भाषिक, धार्मिक, सांस्कृतिक, भेषभूषाको विकासमा सघाउ पुग्ने,
१७. लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने,
१८. सामाजिक जवाफदेहीता, पारदर्शिता र सामाजिक रुपान्तरण सहितको सुशासन अभिवृद्धि हुने,
१९. शिक्षाको गुणस्तर अभिवृद्धिमा सघाउ पुर्याउने,
२०. महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्न सक्ने योजनाहरु,

रवि प्रकाश राई
अध्यक्ष

२१. बालमैत्री, महिलामैत्री, पोषणमैत्री, अपाङ्गमैत्री, खानेपानी तथा सरसरफाइमैत्री, वातावरणमैत्री अभियानमा सघाउ पुर्याउने,

२२. स्थानीय भाषा, कला र सांस्कृतिकको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा टेवा पुग्ने,

२३. आन्तरिक तथा वाह्य पर्यटन विकासको पूर्वाधारका योजनाहरु ।

सभा अध्यक्ष महोदय,

अव म यस साकेला गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को समष्टिगत नीति तथा विषयगतहरु नीति यस सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**साकेला गाउँपालिकाको समष्टिगत नीतिहरुः**

१. सुशासन सहितको दिगो विकासको अवधारणालाई आत्मसाथ गरिनेछ,

२. निर्माणाधिन रहेका पूर्वाधारका योजनाहरु सम्पन्न गर्ने र प्राथमिकता निर्धारण गरी क्रमिक रुपमा स्तरोन्नति गर्दै लगिनेछ,

३. गुणस्तरीय शिक्षाको विकासमा विशेष भूमिका निर्वाह गर्ने डिजिटलाइज शिक्षा प्रणालीको शुरुवात चालु आर्थिकबाट प्रथम चरणमा ६ वटा माध्यमिक विद्यालयहरुबाट शुरु गरिनेछ,

४. गाउँपालिकालाई आवश्यक पर्ने प्राविधिक जनशक्तिको उत्पादनमा जोड दिइनेछ,

५. आन्तरिक पर्यटन प्रवर्द्धन तथा विकासका लागि वनेको टेम्के, धन्नेश्वरी गुफा, चखेवाभन्ज्याङ, तावाताल, सेल्मेडाँडा, मपारुङ भीर आदिको एकीकृत गुरु योजना अनुसारका कार्यहरु क्रमिक रुपमा गर्दै लगिनेछ,

६. साकेला गाउँपालिका वडा नं. ३ को तावाभन्ज्याङ क्षेत्रमा बहुसांस्कृतिक भिलेज र त्रि-धार्मिक पार्क निर्माण गर्न बनेको परियोजनाको विस्तृत प्रतिवेदन (DPR) बमोजिमका संरचनाहरु निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ,

७. वसाइँसराइको दरलाई कम गर्न शिक्षा, स्वास्थ्य, रोजगार, यातायात, सञ्चार, विजुली आदिको उचित प्रवन्ध गर्दै लगिनेछ,

८. रैथाने जातका पशुपन्छी, कृषि र फलफूलको खोजी गरी यिनीहरुको संरक्षण तथा विकास गर्दै लगिनेछ,

९. स्वच्छ तथा वातावरणमैत्री गाउँपालिका निर्माणको लागि आधार स्तम्भको रुपमा रही आएको पूर्ण सरसफाइ अभियानलाई निरन्तरता दिइनेछ,

१०. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाह वातावरणमैत्री, महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री, जेष्ठ नागरिकमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाइमैत्री वनाइनेछ,

११. एक गाउँ एक टोल एक उत्पादनको नीतिलाई निरन्तरता प्रदान गरिनेछ,

१२. आकस्मिक एयर एम्बुलेन्स सेवा सञ्चालनलाई व्यवस्थित गर्दै लगिनेछ,

१३. साकेला गाउँपालिकाको गौरवको सडक आयोजनाहरुको स्तरोन्नति तथा कालोपत्रे सडक निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारलाई अनुरोध गरिनेछ,

१४. प्रमुख सडक खण्डमा रहेको खोलाहरुमा पक्की सडक पुल निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारसँग अनुरोध गरिनेछ ।

१५. सामाजिक सुरक्षा भत्ता भुक्तानी शिविरलाई निरन्तरता दिइनेछ, अशक्त अवस्थाका लाभग्राही पहिचानका लागि बैंकसँगको सहकार्यमा हुने घरदैलो अभियानलाई निरन्तरता दिइनेछ,

१६. गाउँपालिका र मातहतका सबै सरकारी कार्यालयहरुबाट विद्युतीय प्रविधिबाट सेवा प्रदान गर्दै लगिनेछ,

१७. विद्युतीय प्रविधिको माध्यमबाट सेवा प्रवाह गर्दा आवश्यक पर्ने विद्युतीय उपकरण जडान गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

रवि प्रकाश राई
अध्यक्ष

**गाउँपालिकाको प्रथम पञ्चवर्षे आवधिक योजना (२०८०/०८१ -२०८४/०८५) मा समावेश भएका गौरवका योजनाहरुः**

- तावातालः तावाभन्ज्याङ क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पर्यटकीय पूर्वाधार तथा ताल निर्माण गरिनेछ ।
- सडक स्तरोन्नति तथा कालोपत्रे सडकः बाँझेच्यानडाँडा –रतन्छा -मानेभन्ज्याङ -काल्चिङखोला सडक स्तरोन्नति सँगै कालोपत्रे सडक निर्माण, साप्सुखोला-मानेभन्ज्याङ -तावाभन्ज्याङ कालोपत्रे सडक निर्माण र कात्तिके –सोस्तुङ -नैनेपाटी रतन्छा सडक स्तरोन्नतिसँगै कालोपत्रे सडक निर्माण गरिनेछ ।
- साकेला गाउँपालिकालाई डिजिटल पालिका निर्माण गरिनेछ ।
- मपारुङभीर, धन्नेश्वरी गुफा, साकेला पार्क, लामीदुवाली र तावादोभानको पर्यटन प्रवर्द्धन गरिनेछ ।
- खानेपानीः एक घर एक धारा निर्माण गरिनेछ ।
- खेलकुद विकासः प्यारािफट सहितको दारुलाटार र नौलाखर्क खेलमैदान निर्माण गरिनेछ ।
- स्वास्थ्यः सबै स्वास्थ्य संस्थाहरुलाई आधुनिक संरचना सहित गुणस्तरीय सेवा प्रदान गरिनेछ ।
- साकेला गाउँपालिकाको सिमानामा साकेला ट्रेल र सांस्कृतिक भिलेज निर्माण गरिनेछ ।
- शिक्षाः छ वटा माध्यमिक विद्यालयहरुलाई नमूना विद्यालय निर्माण गरिनेछ । साकेला गाउँपालिकाको भाषा, कला, संस्कृतिको संरक्षण गरी नमूना पालिका निर्माण गरिनेछ ।
- कृषिः तेलहन बालीको उत्पादनमा वृद्धि गरी (माछा, मौरी) अन्य कृषि उत्पादनमा जोड दिइनेछ ।
- एक घर -एक व्यवसाय -एक रोजगार कार्यक्रम र सबैमैत्री (अपाङ्ग, बालबालिका, महिला, जेष्ठ नागरिक, पोषण लगायत) पालिका निर्माण गरी नमूना गाउँपालिका बनाउने योजना सञ्चालन गर्नका लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

**विषय क्षेत्रगत नीतिहरुः**

**क. आर्थिक विकास सम्बन्धी नीतिहरुः**

१८. कृषि तथा पशुपन्छी उत्पादनमा वृद्धि गर्न कृषि तथा पशुपन्छी अनुदान एवम् ऋण परिचालन कार्यविधि, २०८१ मा व्यवस्था भएको कृषि अनुदान तथा ऋण कोष खडा गरी व्यावसायिक कृषि पेशा गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि फर्महरुलाई तोकिए बमोजिम धितोको आधारमा कृषि ऋण उपलव्ध गराइनेछ । यसैगरी उल्लिखित कार्यविधिमा व्यवस्था भए बमोजिमका व्यावसायिक कृषक वा समूहरुलाई वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुने रकम प्रदान गरिनेछ ।

१९. साकेला गाउँपालिकाको आर्थिक अवस्थामा सुधार गर्न एक घर -एक व्यवसाय -एक रोजगारको नीतिलाई निरन्तरता दिइनेछ ।

२०. स्थानीय स्तरमा सिर्जना हुने रोजगारीको अवसरमा बैदेशिक रोजगार गुमाइ घर फर्केका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

२१. कृषिमा आधारित साना उद्योगको विकास गर्न व्यवसायीलाई प्रोत्साहन गर्न उद्योगीहरु मध्येको उत्कृष्ट एक उद्यमी छनौट गरी पुरस्कृत गरिनेछ ।

२२. साकेला गाउँपालिकाको कफी हुने सबै स्थानहरुमा कफी खेतीको विस्तार गर्दै लगिनेछ । तुलनात्मक रुपमा अठार सयभन्दा बढी उचाइको भूगोलमा उत्पादन हुने कफीको विश्व बजार मूल्य उच्च हुने हुँदा उक्त स्थानहरुको पहिचान गरी कफी खेती गर्न प्रोत्साहित गरिनेछ ।

२३. चिया खेतीको सम्भाव्यता अध्ययन गरी सम्भावित क्षेत्रहरुमा चिया खेती गर्न प्रोत्साहित गरिनेछ ।

२४. मानव स्वास्थ्य एवम् विश्व बजारलाई ध्यान दिंदै गाउँपालिकालाई पूर्ण अर्गानिक कृषि गाउँपालिकाको रुपमा विकास गर्न अर्गानिक कृषि उत्पादनको लागि प्राङ्गारिक मल तथा जैविक विषादीको उत्पादन तथा प्रयोगलाई निरन्तरता प्रदान गरिनेछ ।

२५. परम्परागत रुपमा गरिदै आएको निर्वाहमुखी खेती प्रणालीमा व्यापक सुधार गर्न भू-उपयोग वर्गीकरण र माटो परीक्षणको प्रतिवेदनको आधारमा कृषि/पशु तथा फलफूलको पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक खेती प्रणाली एवम् सहकारिताको विकासमा जोड दिइनेछ ।

२६. खाने तेलमा आत्मनिर्भर हुनका लागि तोरी, फिलुङ्गे तथा रायोको उत्पादनलाई निरन्तरता प्रदान गरिनेछ ।

२७. लोपोन्मुख अवस्थामा रहेका रैथाने जातका कृषि तथा पशु उपजहरुको खोजी, संरक्षण, विकास तथा बजारीकरणका लागि वीउ उत्पादन गर्न जोड दिइनेछ ।

२८. कृषिको व्यावसायीकरणमा सहयोग पुर्याउने कृषि सामग्री तथा उपकरणहरुको उपयोगमा जोड दिइनेछ ।

२९. दिगो भू-व्यवस्थापन तथा कृषि बाली सुधारको लागि गोठ सुधार तथा भकारो सुधारको कार्यलाई निरन्तरता दिइनेछ ।

३०. कृषि उपज खाद्यान्नहरुको भण्डारणका लागि सोलार ड्रायर, रष्टिक स्टोर, सेलार स्टोर आदि जस्ता प्रविधिहरुको प्रवर्द्धन तथा विकासका कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

३१. साकेला गाउँपालिकाको आर्थिक विकासको मुख्य मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको उत्पादनमा वृद्धि गरी कृषि पेशालाई मर्यादित, व्यवसायिक वनाउन युवा जनशक्तिको परिचालन गरिनेछ । साकेला गाउँपालिकामा उत्पादित कृषिजन्य वस्तु (खाद्यान्न, दलहन, तेलहन, फलफूल, मसलाजन्य तथा जडिवुट्टी) हरुकको संकलन, विक्रि वितरण तथा ढुवानी कृषि सहजताका लागि कृषि एम्वुलेन्स सेवा सञ्चालन गरिनेछ । गाउँपालिकाले तयार गरेको कार्यविधि अनुसार कृषि एम्वुलेन्स सेवा सञ्चालन हुनेछ । साकेला गाउँपालिकामा उत्पादन भएको कृषिजन्य वस्तु दिक्तेलबजार, धरान, काठमाण्डौ लगायतका बजार र व्यवसायीहरु समक्ष पुर्याउनका कृषि एम्वुलेन्स उपयोग गरिनेछ ।

३२. सौर्य विस्कुन (Solar drier) स्थानीय सामग्रीहरुको अधिकतम उपयोग गरी कम मूल्यमा निर्माण गर्न अनुसन्धान, निर्माण तथा प्रदर्शन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३३. सिचाईंको लागि आवश्यक पर्ने पानीको लागि परम्परागत रुपमा सञ्चालन हुँदै आएका कुलो एवम् सम्भाव्यताका आधारमा नयाँ कुलोहरुको निर्माण, वर्षाको पानी संकलन लगायत अन्य सिँचाइ प्रविधिहरुको विकास गर्दै लगिनेछ ।

३४. साकेला गाउँपालिकामा उत्पादन भएका सम्पूर्ण कृषि उपज तथा अन्य वस्तुहरुको बजारीकरणको लागि सम्वन्धित निकायहरुसँग आवश्यक समन्वय गरिनेछ ।

३५. खाद्यान्न, तरकारी, फलफूल तथा मसला जन्य कृषि उपजहरुको प्रशोधनका लागि आवश्यक पर्ने तालिम एवम् मेशिन उपकरणको व्यवस्था गर्दै लगिनेछ ।

३६. मासुलाई सफा एवम् सुरक्षित राख्न मानेभन्ज्याङ बजार लगायत वडा कार्यालयको आसपासमा समेत सुरक्षित पशुपन्छी बधशालाको निर्माण गर्दै लगिनेछ ।

३७. नेपाली चाडपर्व लक्षित गरी व्यावसायिक रुपमा रैथाने घरेलु तथा जङ्गली जातका फूलहरु उत्पादन तथा विक्री वितरण गर्न किसान तथा व्यवसायीहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।

३८. लोप भइसकेको तथा लोपोउन्मुख रैथाने प्रजातिका पशुपन्छी, अन्नबाली, सागसब्जी, दलहन, तेलहन, फलफूल तथा मसला जन्य कृषि उपजहरुको खोजी, संरक्षण तथा विकास गर्दै लगिनेछ ।

३९. मनोरञ्जन तथा विभिन्न अवसरमा एक आपसमा शुभकामना आदानप्रदान गर्नका लागि उपयुक्त स्थानहरुको खोजी गरी वनभोज तथा भेटघाट स्थलहरुको स्थापना र विकास गर्दै लगिनेछ ।

४०. प्राकृतिक स्रोत सम्पदाको अध्ययन अनुसन्धान गर्न मपारुङ टेम्के सामुदायिक वन क्षेत्रमा सम्वन्धित पक्षहरुसँग समन्वय गरी पर्यापर्यटनको पूर्वाधार विकास गर्न पहल गरिनेछ ।

४१. आन्तरिक तथा वाह्य पर्यटकहरुलाई लक्षित गर्दै परम्परागत रुपमा सञ्चालन हुँदै आएका पैदल मार्गहरुको स्तर उन्नति गरिनुका साथै चखेवाभन्ज्याङ -मपारुङ भीर–मानेभन्ज्याङ –पाँचधारे, चखेवाभन्ज्याङ –टेम्के र मानेभन्ज्याङ -टेम्के जैविक पद मार्गको निर्माण तथा विकास गर्दै लगिनेछ ।

४२. साकेला गाउँपालिकालाई नासपातीको केन्द्र स्थल (हव) वनाउन वडा समिति तथा स्थानीय वासीको समन्वय र सहभागीतामा गाउँपालिकाको भूगोलभित्र निर्माण हुने गौरवका सडक लगायत अन्य सडकहरुको दायाँबायाँ नासपातीको विरुवा रोप्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

४३. परम्परागत खाद्य प्रविधिहरुको संरक्षण, प्रवर्द्धन तथा विकासमा जोड दिइनेछ ।

४४. कृषि तथा पशु विकासमा योगदान पुर्याउने कृषक तथा फर्महरुको व्यवसायमा प्राकृतिक प्रकोपको कारण उत्पन्न हुन सक्ने जोखिमलाई आर्थिक रुपमा मद्दत गर्न पशु तथा कृषि वीमाको लागि सम्वन्धित वीमा कम्पनीहरुसँग समन्वय गर्दै लगिनेछ ।

४५. साकेला गाउँपालिकामा उत्पादन हुने कच्चा पदार्थबाट सञ्चालन हुन सक्ने घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन गर्न स्थानीय तथा वाह्य लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ ।

४६. रैथाने जातका कृषि तथा पशुपन्छी उपजको अर्गानिक उत्पादनको माध्यमबाट कृषि पर्यटनको पूर्वाधारको कार्यमा जोड गरिनेछ ।

## ख. सामाजिक विकास सम्बन्धी नीतिहरुः

४७. विद्यमान व्यक्तिगत र राष्ट्रिय ऋणको बोझ र त्यसबाट प्रभावित साना बालबालिकाहरुको उज्ज्वल भविष्य सुनिश्चित गर्ने उद्देश्यका साथ देश कै नयाँ र पहिलो "Project भविश्य" नीति लागु गरिनेछ । उक्त नीति अनुरुप आगामी साउन महिनादेखि गाउँपालिकाकोभित्र जन्मिने हरेक शिशुको नाममा नेपाल एसविआइ वैंकको सहकार्यमा वैंक खाता खोलि तोकिए बमोजिमको रकम जम्मा गर्न सुरु गरिनेछ । पालिकाले हरेक वर्ष १८ वर्ष उमेरसम्म तोकिए बमोजिमको रकम वार्षिक रुपमा जम्मा गर्दै लैजानेछ । यस कार्य मार्फत बालबालिकाहरुलाई उच्च शिक्षा र समुन्नत जीवनका लागि आधार स्थापित गर्ने नीति लिइएको छ । साकेला गाउँपालिकाले राष्ट्रिय, व्यक्तिगत र पारिवारिक ऋणका असरहरु कम गरी प्रत्येक शिशुको पालनपोषण, शिशा र भविश्यका सम्भावनाहरु सुनिश्चित गर्दै आत्मनिर्भर बनाइनेछ । यस नीति र कार्यक्रमबाट बढ्दो वसाईंसराइलाई न्यूनीकरण गरी समृद्धि र समावेशीताको वातावरण सृजना हुने अपेक्षा गरिएको छ ।

४८. समृद्ध, समुन्नत र दिगो विकासका लागि "एकीकृत सिस्टिनेविलिटि अडिट" गर्न शुरु गरिनेछ । स्रोत र साधनको न्यायोचित उपयोग, वातावरण संरक्षण, समावेशिता सुशासनका पक्षहरुको मूल्याङ्कन गरी स्थायित्व सूचकाङ्क तयार गरिनेछ । यसबाट साकेला गाउँपालिकालाई वर्तमान र भावी पुस्ताको आवश्यकता महशुस गरी समुन्नत र समावेशी विकासतिर अगाडि वढ्न मार्गदर्शन प्राप्त हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

४९. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई राष्ट्रिय परिचयपत्र सहितको बायोमेट्रिक प्रणालीमा आवद्वता गराउने कार्य नेपाल सरकारको नीति बमोजिम यस गाउँपालिकामा पनि सुरु गरिएको छ भने आगामी आर्थिक वर्षमा पनि यस कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

५०. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै प्रकारका लाभग्राहीलाई सम्पूर्ण विवरण समावेश गरिएको बायोमेट्रिक परिचयपत्र प्रदान गर्ने कार्य प्रारम्भ गरिनेछ ।

५१. शारीरिक रुपमा अशक्त भई हिँडडुल गर्न नसक्ने लाभग्राहीहरु र अन्य नागरिकहरुलाई लक्षित गरि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग तथा जिल्ला प्रशासन कार्यालय सँगको सहकार्यमा पालिकाभित्रका हरेक टोल टोलमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता शिविर सञ्चालन गरि सुविधा उपलब्ध गराईनेछ ।

५२. व्यक्तिगत घटना दर्तालाई व्यवस्थित बनाउनका लागि प्रत्येक वडा कार्यालय मार्फत अनलाईन प्रणाली मार्फत घटना दर्ता गर्ने कार्यलाई निरन्तरता दिईएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ ले दिएको निर्देशन बमोजिम आफ्नो वडामा अनलाईन प्रणाली मार्फत भएका व्यक्तिगत घटना दर्ताको अभिलेखिकरण मासिक रुपमा पालिकास्थित सम्बन्धित शाखामा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

५३. साकेला गाउँपालिकाबाट अन्य गाउँपालिका, जिल्ला वा प्रदेशमा वसाइँ सरी जानेको सङ्ख्या वढिरहेको कारण साकेला गाउँपालिकाको जनसङ्ख्या घटिरहेको हुँदा साकेला गाउँपालिकाको जनसङ्ख्या सन्तुलन कायम राख्न अन्य स्थानबाट वसाइँ सरी आउने परिवारलाई वसाइँ सरी आएको घट्ना दर्ता पश्चात वडाको सिफारिसमा प्रोत्साहन तथा सम्मान स्वरुप रकम रु. ५०००।– (अक्षरेपि पाँच हजार रुपैयाँ मात्र) दिने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

५४. साकेला गाउँपालिकाको सिमानामा बहु-सांस्कृतिक पदमार्ग निर्माण गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ ।

५५. बहु-सांस्कृतिक पदमार्गको शुन्य विन्दु तावाभन्ज्याङमा निर्माण शुरु भएको सांस्कृतिक भिलेज निर्माणको कार्य सम्पन्न गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ ।

५६. बहु-सांस्कृतिक पदमार्गको विभिन्न स्थानमा स्थानीय जातजातिको घर, वसोवास, धर्म, संस्कृति, भेषभूषा, रहनसहन झल्कने किसिमको वस्तीको विकास गर्दै लगिनेछ । यस्ता वस्तीहरुमा निर्माण हुने घर तथा टहराको डिजाइन गाउँपालिकाले निर्धारण गरे अनुसार हुनेछ ।

५७. विश्व महामारीको रुपमा फैलिन सक्ने विभिन्न किसिमको सरुवा रोगहरुबाट वच्न नागरिकलाई सचेतनामूलक कार्यक्रम गर्दै लगिनेछ ।

५८. गाउँपालिकामा सञ्चालन भइरहेका प्राविधिक शिक्षालय तथा अप्राविधिक शिक्षण संस्थाहरुको भौतिक तथा शैक्षिक गुणस्तर सुधारमा विशेष जोड दिइनेछ ।

५९. प्रत्येक नागरिकको स्वच्छ खानेपानी उपभोगको नैसर्गिक अधिकारलाई मध्येनजर गर्दै खानेपानीको स्रोतको पहिचान गरी तत्कालीन र दीर्घकालीन योजना तयार गरिनेछ ।

६०. विद्यालयको आधारभूत तहलाई गुणस्तरीय बनाउन बालमैत्री कक्षा कोठा र बालमैत्री विद्यालयको अवधारणालाई कार्यान्वयन गर्दै लगिनेछ ।

६१. साकेला गाउँपालिकामा रहेका प्राकृतिक जडिबुट्टी तथा अन्य आयुर्वेद्धिक औषधि उपचारको प्रवर्द्धन गर्न आवश्यक खोज तथा अनुसन्धानको कार्यलाई निरन्तरता दिइनेछ ।

६२. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र खोटाङको शाखाको रुपमा सञ्चालनमा आएको नागरिक आरोग्य सेवा केन्द्रलाई आयुर्वेदिक उपचार केन्द्रको रुपमा स्तरवृद्धि गरिनेछ । आगामी आर्थिक वर्षबाट पञ्चकर्म प्रविधि सेवा सञ्चालनमा ल्याइनेछ ।

६३. साकेला गाउँपालिकाको सम्पूर्ण विकास प्रक्रियालाई महिलामैत्री, अपाङ्गमैत्री, बालमैत्री, वातावरणमैत्री, जेष्ठ नागरिकमैत्री र पोषणमैत्री वनाइदै लगिनेछ ।

६४. स्वास्थ्य तथा पोषणलाई ध्यान दिंदै परम्परागत रुपमा चलिआएको खानपिनको खाद्य व्यवहार परिवर्तन गर्न समुदाय तहमा विज्ञहरुको सहयोगमा समेत विभिन्न किसिमका छलफल तथा अन्तरक्रिया सञ्चालन गर्दै लगिनेछ ।

अध्यक्ष

६५. स्थानीय समुदायको आस्थाको केन्द्र, धर्म, संस्कृति अनुरुपको धार्मिक स्थल, देवालयहरु स्थानीय समुदायहरुसँगको समन्वयमा तिनीहरुको संरक्षण, सम्वर्द्धन तथा विकास गरी सांस्कृतिक पर्यटनको पूर्वाधार विकासमा सहयोग पुर्याइनेछ ।

६६. खानेपानी तथा स्वास्थ्य सरसफाइको लागि स्वच्छ खानेपानीको उचित प्रबन्ध गर्दै लगिनेछ ।

६७. पूर्ण सरसफाइ अभियानको सफा तथा स्वच्छ क्षेत्र घोषणा गर्ने कार्य अन्तर्गत केही सूचकहरु प्राप्त हुन बाँकी रहेको कारण आर्थिक वर्ष २०८३/०८४ मा बाँकी रहेका सूचकहरु पूरा गरी सफा तथा स्वच्छ क्षेत्र घोषणा गरिनेछ ।

६८. पूर्ण सरसफाइ अभियानमा संघीय सरकार, प्रदेश सरकार र सम्बन्धित निकायहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

६९. परम्परागत रुपमा खानेपानी योजनामा प्रयोग हुँदै आएको खुला धारा प्रविधिलाई निरुत्साहित गरी बन्द धारा प्रणालीलाई व्यवस्थित गरिनेछ ।

७०. व्यक्तिगत, सार्वजनिक स्थान एवम् हाटबजारबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनको लागि विभिन्न स्थानमा राखिएको डस्टविनलाई व्यवस्थित गर्दै लगिनेछ ।

७१. विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा क्रमिक रुपमा इन्सिनिरेटरको व्यवस्था गर्दै लगिनेछ ।

७२. शिक्षालाई व्यावसायिक, व्यावहारिक, गुणस्तरीय तथा विद्यार्थीमैत्री वनाउनका लागि शिक्षाविद्, विद्यालय व्यवस्थापन समिति, अभिभावक, नागरिक समाज, विभिन्न सरकारी निकाय र विद्यार्थीहरुसँग आवश्यक छलफल तथा परामर्शको कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

७३. देशमा असल तथा नैतिकवान नागरिक उत्पादनमा टेवा पुर्याउन कक्षा ८ सम्म पढाइ हुने स्थानीय पाठ्यक्रममा नैतिक शिक्षा, मानव जीवन सम्बन्धी शिक्षा तथा व्यावहारिक शिक्षा प्राप्त हुने विषयवस्तु समावेश गरी शिक्षण सिकाइ व्यवस्थापन गरिनेछ ।

७४. माध्यमिक विद्यालयमा राज्यले निर्धारण गरेको विषयवस्तुका अतिरिक्त पृथ्वीमा जीव तथा मानव उत्पति र विकास, प्रकृति र जीव तथा मानव जीवनको अन्तरसम्बन्ध, विज्ञानले वनाएको समय, परिवर्तनको लागि मानव जीवनमा समयको महत्व, मानव जीवनमा नैतिक शिक्षा तथा व्यावहारिक शिक्षाको महत्व, राजनैतिक र राजनैतिक शिक्षाको महत्व जस्ता विषयहरुको एकीकृत रुपमा पाठ्यक्रम तयार गरी शिक्षण गर्ने व्यवस्था गरिनेछ ।

७५. स्थानीय भाषाबाट सञ्चालन भइरहेको पठनपाठन कार्यलाई निरन्तरता दिइनेछ ।

७६. शैक्षिक सत्र २०८२/०८३ बाट २२ वटा बालविकास केन्द्रहरुलाई व्यवस्थापन गरी बालमैत्री सिकाइ व्यवस्थापन गर्दै लगिनेछ ।

७७. शैक्षिक सत्र २०८२/०८३ बाट गाउँपालिकामा सञ्चालन भइरहेका ६ वटा माध्यमिक विद्यालयहरुको कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट शिक्षण सिकाइको व्यवस्था गरिनेछ । त्यसपछि प्रत्येक शैक्षिक सत्रबाट पठनपाठनको व्यवस्था गर्दै लगिनेछ ।

७८. शिक्षाको गुणस्तर सुधारको लागि नियमित रुपमा स्थानीय सरकार शिक्षक अभिभावक र विद्यार्थी भेटघाट तथा अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

७९. महिला सशक्तिकरणको लागि सञ्चालन हुँदै आएको महिलाहरुसँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८०. विपन्न तथा जेहेनदार विद्यार्थी तथा सीप सिक्न इच्छुक व्यक्तिहरुका लागि प्राविधिक शिक्षा सम्बन्धी अध्ययन तथा तालिमका लागि प्रदान गर्दै आएको प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८१. साकेला गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका वनाउन निरक्षरहरुको गणना गरी नियमित रुपमा साक्षरताका कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

८२. शिक्षाको गुणस्तर वृद्धि गर्न सूचना, सञ्चार र प्रविधिमैत्री पठनपाठनको व्यवस्था गर्दै लगिनेछ ।

८३. अध्ययन र सिकाइलाई सहज बनाउन विद्यालयमा रहेको पुस्तकालयलाई विद्युतीय पुस्तकालयको रुपमा विकास गर्दै लगिनेछ ।

८४. जेष्ठ नागरिक तथा लक्षित वर्गलाई राज्यबाट प्राप्त हुने सेवासुविधाहरु सहज रुपमा प्राप्त गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८५. साकेला गाउँपालिकामा सिर्जना हुन सक्ने सरकारी तथा सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्ति, विपन्न महिला तथा कुनै कारणवस ठूलो विपत्तिमा परेका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

८६. गाउँपालिकाको दिगो विकास नीतिमा युवाहरुलाई अधिकतम परिचालन गर्न विभिन्न किसिमका युवा केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।

८७. प्रदेश सरकार र करुणा फाउण्डेश नेपालको साझेदारी आर्थिक वर्ष २०८०/०८१ बाट सञ्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

८८. विभिन्न नाममा घर छोडी नजिकको शहर, छिमेकी मुलुक तथा अन्य मुलुकहरुमा जाने जनशक्ति रोक्नका लागि उचित कार्ययोजना तयार गरी उद्यम विकासका कार्यहरु गर्दै लगिनेछ ।

८९. वैदेशिक रोजगारको कारणले सिर्जना भएका र हुन सक्ने सम्भावित समस्याहरुलाई सामाजिक रुपले सम्बोधन गर्ने प्रयास गरिनेछ ।

९०. विभिन्न कारणले वैदेशिक रोजगारबाट पीडित भएका व्यक्ति वा निजको परिवारको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिनेछ ।

९१. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन उपचारात्मक भन्दा प्रतिरोधात्मक स्वास्थ्य विकासलाई जोड दिइ स्वास्थ्य क्षेत्रका कर्मचारीहरुको क्षमता विकासमा जोड दिदै लगिनेछ ।

९२. पूर्ण सरसफाइयुक्त सभ्य नागरिक, सभ्य गाउँ, सभ्य टोल, सभ्य गाउँपालिका निर्माणमा स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्न विभिन्न संघ/संस्था, नागरिक समाजसँग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९३. आयातित तथा उत्सर्जित फोहरमैलाको दिगो व्यवस्थापन तथा प्रशोधन गर्न साकेला गाउँपालिका ३ नं. वडा ढाँडैमा सर्टिङसाइडको लागि २० रोपनी जग्गा निःशुल्क रुपमा प्राप्त गरिएको छ । उक्त जग्गामा फोहोरमैला संकलन तथा प्रशोधन कार्यको लागि आवश्यक भवन, सामग्री, औजार, उपकरण, जनशक्ति व्यवस्थापन गर्दै लगिनेछ ।

९४. परापूर्वकालदेखि चलनमा रहेको स्थानीय धामी/झाँक्रीको उचित कदर गर्दै उनीहरुलाई सामाजिक मनोपरामर्शदाताको रुपमा रुपान्तरण गर्न पहल गर्दै लगिनेछ ।

९५. सम्भावित रोगहरुबाट बच्न गर्भवती आमा तथा नवजात शिशुहरुको लागि नेपाल सरकारबाट प्राप्त हुने निःशुल्क खोपहरु अनिवार्य लगाउने वातावरण सिर्जना गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

९६. गरिबीको रेखामुनी रहेका अति गरिब परिवारका व्यक्ति, गर्भवती आमा र बच्चालाई गम्भीर रोग लागेको अवस्थामा उपचार गर्न नेपालको सुविधा सम्पन्न अस्पतालमा लाने व्यवस्था गरिएको निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

९७. आकस्मिक दुर्घट्ना, सुत्केरी व्यथा तथा अन्य गम्भिर प्रकृतिका विरामी तुरुन्त सही उपचार नपाएमा ज्यान जान सक्ने अवस्थामा रहेका पालिकाभित्रका नागरिकहरुलाई सुविधा सम्पन्न अस्पतालमा पुर्याई उपचार गर्न आकस्मिक एयर एम्बुलेन्स सेवा सञ्चालनमा आएको छ । आर्थिक वर्ष २०७९/०८० मा एक छुट्टै आकस्मिक एयर एम्बुलेन्स कोषको स्थापना भएको छ । यो कोष बढाइ अधिकतम सेवा प्रवाहका लागि कोष जम्मा गर्न साकेलावासी लगायत देशविदेशमा रहनुहुने दाजुभाई दिदिबहिनीहरुलाई अपिल गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९८. साकेला गाउँपालिकामा शारीरिक तथा मानसिक रुपमा तन्दुरुस्त तथा असल नागरिक उत्पादन गर्न विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्दै लगिनेछ ।

९९. खेलकुद विकासका लागि आवश्यक पर्ने कवर्डहल, भलिबल, अन्तर्राष्ट्रिय मापदण्ड भएको फुटबल खेल मैदान निर्माण एवम् प्रशिक्षक तथा खेल सामाग्रीहरुको उचित प्रबन्ध गर्दै लगिनेछ ।

१००. मानव जीवनको शारीरिक, मानसिक तथा व्यक्तित्व बिकासमा खेलकुद क्षेत्रले अत्यन्त महत्व राख्ने भएको हुँदा खेलकुद सम्बन्धी राष्ट्रिय स्तरमा तर्जुमा भएको "राष्ट्रको लागि खेलकुदः स्वास्थ्यको लागि खेलकुद" भन्ने मुल नारालाई सार्थकता प्रदान गर्नका लागि साकेला गाउँपालिकाको सवै वडाबाट ९ वर्षको उमेर समूदेखि १५ वर्ष उमेर समूह सम्मका बालवालिकाहरुलाई खेल जगतमा आकर्षित गरी उनीहरुलाई राष्ट्रिय स्तरमा अव्वल प्रतिस्पर्धी व्यक्तिको रुपमा विकास गर्नका लागि विभिन्न किसिमका खेदकुदको संस्थागत विकास गरिनेछ । खेलकुद क्षेत्रको संस्थागत विकासको प्रारम्भिक चरणमा विश्वमा सबै भन्दा लोकप्रिय रहेको फुटबल खेलको विकास गर्न फुटबल एकेडेमीको स्थापना र सञ्चालन गरिनेछ ।

१०१. साकेला गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीको शिक्षण शिकाइमा थप योगदान पुर्याउने उद्देश्यकासाथ अतिरिक्त शिक्षा प्रदान गर्न विद्यालयहरुसँग समन्वयमा कार्य योजना तर्जुमा गरिनेछ । उक्त कार्य योजना अनुसार गाउँ शिक्षा समितिका पदाधिकारी, जनप्रतिनिधि, कर्मचारी वा विषय विज्ञबाट सम्वन्धित विषयमा कक्षा कोठमा गइ प्रस्तुतीकरण दिने व्यवस्था मिलाइनेछ ।

१०२. लोपोन्मुख परम्परागत सीपहरु व्यावसायिक बनाउन यस्ता चिजको खोजी गरी संरक्षण तथा विकासको पहल गरिनेछ ।

१०३. लोपोन्मुख पञ्चे बाजा, नौमती बाजा, विनायो, मुर्चुङ्गा, रैथाने वाद्यवादन लगायत स्थानीय गीत संगीतको खोजी, संरक्षण, विकास तथा बजारीकरण गर्न पहल गरिनेछ ।

१०४. स्थानीय भेषभूषा, भाषा, धर्म, कला संस्कृतिको प्रवर्द्धन तथा विकासका लागि संस्कृति, पर्यटन तथा विकास नीति तर्जुमा गरिनेछ ।

१०५. जातीय विभेद, लैंगिक विभेद, लैंगिक हिंसा, महिला हिंसा तथा छुवाछुत अन्त्यका लागि सरोकारवालाहरुसँग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०६. समाजमा वढ्दै गएको जङ्कफूड जस्तै कोकाकोला, डिउ, स्प्राइट, चाउचाउ आदि जस्ता वस्तुहरुको उपभोगलाई निरुत्साहित गर्न सम्बन्धित सरकारी तथा अन्य संघ/संस्था एवम् उपभोक्ताहरुसँग निरन्तर छलफल तथा परामर्श गरिनेछ ।

१०७. घर तथा कार्यालयमा प्रयोग हुने विभिन्न किसिमका सामग्रीहरुको प्रयोगमा वाह्य सामग्रीलाई सकेसम्म निरुत्साहित गरी स्थानीय स्तरमा उपलब्ध हुन सक्ने सामग्रीहरुको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्दै लगिनेछ ।

१०८. नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा प्रवर्द्धन गर्न विद्युतीय प्रणालीको शुद्धीकरण गर्न सरोकारवालाहरुसँग आवश्यक समन्वय गरिनेछ । लाभग्राहीको माग तथा आवश्यकताको आधारमा विद्युतीय चुल्हो प्रविधि तथा वायोग्यास जस्ता प्रविधिहरु विस्तार गर्दै लगिनेछ ।

१०९. साकेला गाउँपालिका वडा नं. ३ को तावाताल -तावाभन्ज्याङ क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न पर्यटकीय पूर्वाधार अन्तर्गत ताल लगायत सांस्कृतिक भिलेजको स्थापना तथा सञ्चालन गर्दै लगिनेछ ।

११०. नेपाली महिलाहरुको चाडपर्वको प्रवर्द्धन तथा विकास गर्दै लगिनेछ ।

१११. साकेला गाउँपालिकालाई आर्थिक वर्ष २०८३/०८४ सम्ममा पोषणमैत्री गाउँपालिका घोषणा गरिनेछ ।

**ग. पूर्वाधार विकास सम्बन्धी नीतिहरुः**

११२. व्यवस्थापन, प्रशासनिक तथा प्राविधिक जटिलताका कारण अलि ठूला आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्दा व्यावहारिक कठिनाई हुने देखिएकोले रु. ३३ लाख भन्दा माथिका पूर्वाधार निर्माण योजनाहरु सम्बन्धित वडाको पूर्ण समन्वयमा प्रविधिक लगत स्टिमेट गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम बोलपत्र आह्वान गरी ठेक्काबाट सञ्चालन गरिनेछ ।

११३. तावाभन्ज्याङ क्षेत्रमा वृहत पर्यटन विकासको पूर्वाधार निर्माणका लागि तावाताल निर्माण, त्रिधार्मिक पार्क र बहु-सांस्कृतिक भिलेज निर्माणको परियोजनाको विस्तृत प्रतिवेदन (DPR) तयार भइसकेकोले उक्त परियोजनाको विस्तृत प्रतिवेदन (DPR) मा समावेश भएका संरचनाहरु निर्माण गर्न संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ ।

११४. गाउँपालिकाभित्र सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुबाट प्रवाह हुने सेवासुविधाहरु सहज रुपले प्राप्त गर्न ग्रामीण शहरीकरणको अवधारणा अनुरुपको एकीकृत बस्ती विकासमा जोड दिइनेछ ।

११५. गाउँपालिकाको गौरवको आयोजना अन्तर्गत निर्माण भइरहेको साप्सुखोला –मातिम –मानेभन्ज्याङ - पाँचधारे सडक, सोस्तुङ कात्तिके -रतन्छा –नैनेपाटी सडक, चखेवाभन्ज्याङ -डाँडागाउँ -नैनेपाटी - मानेभन्ज्याङ -काल्चिङखोला सडकहरु शिघ्र निर्माण कार्यको लागि संघीय सरकार तथा प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ ।

११६. साकेला गाउँपालिकामा ट्र्याक खोलिएका सडकहरुको स्तरोन्नति गर्ने क्रममा सडकको अवस्थाको गाम्भिर्यताको आधारमा नाली सहितको ग्राभेल सडक निर्माण गर्दै लगिनेछ ।

११७. ग्राभेल सडक निर्माणको लागि आवश्यक पर्ने मेशिन उपकरणहरु व्यवस्था गर्दै लगिनेछ ।

११८. साकेला गाउँपालिका वडा नं. १ डाँडागाउँ - दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. ८ दोबेला सडक खण्डमा पर्ने साप्सुखोलाको गिद्देदोभानमा पक्की पुल निर्माण गर्न संघीय सरकारसँग निरन्तर पहल गरिनेछ ।

११९. चखेवाभन्ज्याङ -रतन्छा -खिदिमा सडकमा पर्ने साब्जुखोला, खोवुखोला, रुपुवाखोला, बेलियाखोला र मखुवाखोलामा पक्की सडक पुल निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारमा निरन्तर पहल गरिनेछ ।

१२०. बाँझेच्यानडँडा –काल्लिङखोला सडक खण्ड तावाखोलाको पत्राङ्गेटार विस्तृत आयोजना प्रतिवेदन (DPR) बमोजिम सडक पुल निर्माणको लागि कोशी प्रदेश सरकार तथा संघीय सरकारसँग अनुरोध गरिनेछ ।

१२१. रतन्छा साल्मे दोर्पा चिउरीडाँडा सडक खण्डमा पर्ने साप्सुखोलाको लामीदुवालीमा पक्की सडक पुल निर्माणको लागि तयार भएको विस्तृत आयोजना प्रतिवेदन (DPR) बमोजिम सडक पुल समय मै निर्माण सम्पन्न गर्नको लागि कोशी प्रदेश सरकार तथा संघीय सरकारसँग अनुरोध गरिनेछ ।

१२२. सडक सुचारु राख्न प्रमुख सडकहरुका लागि सडक हेरालुको व्यवस्था गर्दै लगिनेछ ।

१२३. आवश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माणको लागि अन्य गाउँपालिका, संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वयलाई निरन्तरता प्रदान गरिनेछ ।

१२४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी तथा उपलब्धिमूलक बनाउन औचित्य र आवश्यकतानुसार गाउँपालिकाबाट साझेदारी गर्न सकिनेछ ।

१२५. गाउँपालिकाको मातहतमा रहेको रोजगार सेवा केन्द्रमा सूचीकरण भएका श्रमिकहरुलाई योजनाको आकार तथा महत्वको आधारमा विभिन्न वडाका कामदारहरुलाई एकिकृत रुपमा काम लगाउन सकिनेछ ।

१२६. सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि विद्यालय तथा सार्वजनिक स्थानहरुमा जनसहभागिता एवम् लागत सहभागितामा आधारित सोलार बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२७. गाउँपालिकाको गौरवका सडकहरु र अन्य सामरिक महत्वका सडकहरुमा क्रमैसँग सडक बत्ती जडान गर्दै लगिनेछ ।

१२८. नयाँ घर निर्माण गर्ने क्रममा साकेला गाउँपालिकामा वसोवास गरिरहेका विभिन्न जातजातिको सम्मान स्वरुप गाउँपालिकाले तयार गरेको १३ जातिको घरको आकार मध्ये आफूलाई मन परेको आकारको घर आगामी आर्थिक वर्षदेखि निर्माण गर्नुपर्नेछ ।

घ. **वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिहरुः**

१२९. स्थानीय खोला, खोल्सी तथा चिस्यानहरुमा पाइने स्थानीय/रैथाने जातका जलचर, उभयचरहरुको संरक्षण गर्दै लगिनेछ ।

१३०. स्थानीय स्तरमा प्राप्त हुने जडीवुट्टीहरुको खोजी, उत्पादन, विकास तथा प्रशोधन गर्न सम्वन्धित सरोकारवालाहरुसँग समन्वय गर्दै लगिनेछ ।

१३१. स्थानीय/रैथाने तथा आगन्तुक चराहरुको प्रवर्द्धन तथा विकासका लागि उनीहरुलाई आवश्यक पर्ने उपयुक्त वातावरण सिर्जना गर्न नागरिक समाज, विभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्था, चरा विज्ञ, सामुदायिक वन तथा अन्य वनहरुसँग समुचित समन्वय गर्दै लगिनेछ ।

१३२. रैथाने/स्थानीय तथा आगन्तुक वन्यजन्तुहरु वस्नको लागि उचित वासस्थान तथा आहारा उपलब्धताको व्यवस्थापनको लागि वन्यजन्तु विज्ञ, सरकारी तथा गैरसरकारी संघ/संस्थाहरु, नागरिक समाज, निजी तथा सामुदायिक वन, सरकारी वनहरुसँग गरिने समन्वयको कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१३३. रैथाने जातका लालीगुराँस, चिमाल, सुनाखरी लगायतका जङ्गली तथा सयपत्री, मखमली, अजम्वरी आदि घरेलु फूलहरुको संरक्षण, प्रवर्द्धन तथा विकासका लागि फूल विज्ञ, नागरिक समाज, निजी वन, सामुदायिक तथा सरकारी वन तथा अन्य सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुसँगको समन्वयलाई निरन्तरता दिइनेछ ।

१३४. हरित गाउँपालिका निर्माण गर्न सरकारी वन, निजी वन, सामुदायिक वन तथा अन्य वन क्षेत्रहरुको संरक्षण तथा विकास गर्न सबै सम्वद्ध पक्षहरुसँग समन्वय गरिनेछ ।

१३५. वनजङ्गल तथा वन क्षेत्रबाट आर्थिक लाभ प्राप्त गर्न सरकारी तथा सामुदायिक वनहरुसँग समन्वय गरी सम्भावित क्रियाकलापहरु सञ्चालन गर्दै लगिनेछ ।

१३६. वनजङ्गल विकास एवम् विस्तारका लागि रैथाने जातका विरुवाहरुको खोजी, संरक्षण तथा नर्सरीको विकास गरी वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१३७. गाउँपालिकामा प्राकृतिक एवम् मानव क्रियाकलापद्वारा निर्मित/सिर्जित विभिन्न किसिमका विपत्तिहरु व्यवस्थापन गर्न पालिकामा रहेको विपद् व्यवस्थापन कोषलाई थप मजवुत वनाउदै लगिनेछ । यस्ता विपत्तिहरुबाट वच्नका लागि सम्वन्धित सवै सरोकारवालाहरुसँग उचित समन्वय गरी विपत् योजना बनाइ कार्यान्वयन गरिनेछ ।

१३८. आकस्मिक पूर्वाधार सेवा सञ्चालनः साकेला गाउँपालिकामा निर्माणाधिन वा निर्माण सम्पन्न भएका पूर्वाधारका (सडक तथा भवन) आयोजनाहरु प्राकृतिक प्रकोपको कारण क्षेति भएमा क्षति भएको सम्रचना तत्काल निर्माण/मर्मत गर्नका लागि आकस्मिक पूर्वाधार सेवा सञ्चालनको मापदण्ड तयार गरी आकस्मिक पूर्वाधार सेवा सञ्चालन गरिनेछ ।

१३९. गाउँपालिकामा निर्मित भइरहेका गौरवका सडक लगायत अन्य सडकहरुको दायाँबायाँ वायो इन्जिनियरिङ्ग प्रविधि अन्तर्गत अम्लिसो, नेपियर, खर, डालेघाँस रोप्न सम्वन्धित जग्गा धनीहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।

१४०. स्थानीय खोला/खोल्साहरुमा विभिन्न किसिमका रसायनयुक्त विषादी तथा करेन्टको प्रयोग गरी विभिन्न किसिमका जलचर/माछा मार्ने कार्यलाई पूर्णरुपमा रोक लगाउन छिमेकी स्थानीय तहसँग समन्वयको कार्यलाई निरन्तरता दिइनेछ ।

१४१. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालनमा जोड दिइनेछ ।

रवि प्रकाश राई
अध्यक्ष

१४२. पर्यावरण संरक्षण तथा पानीको स्रोतहरुको संरक्षण तथा विकासका लागि स्थानीय तहमा जनचेतना जगाउँदै प्राकृतिक हिसाबले सम्भावित स्थानहरुमा साना जलशायहरुको निर्माण गर्दै प्राकृतिक तथा परम्परागत रुपमा निर्माण भएका सानातिना जलशायहरुको संरक्षण एवम् पुनर्निर्माणमा जोड दिइनेछ ।

१४३. निजी वनबाट तोकिए बमोजिमका काठहरु निर्यात गर्दा काठ निर्यात गर्ने ठेकेदारलाई गाउँपालिकामा राजश्व बुझाउने वेलामा परेको समस्यलाई मध्येनजर गर्दै आगामी आर्थिक वर्षबाट काठ विक्री गर्ने रुख धनीको रुख काट्ने प्रयोजनको लागि सम्वन्धित वन कार्यालयबाट काटिने रुखमा टाँचा हानेकै बखत सम्वन्धित वन कार्यालयसँगको समन्वयमा ठेकेदारलाई गाउँपालिकाको नियम बमोजिम तिर्नु पर्ने राजश्व अनिवार्य तिर्ने वातावरण तयार गरिनेछ ।

१४४. निजी वनमा काठ निकासीको लागि रुख काट्दा वन पाखामा भएको कुल रुख विरुवाको २५ प्रतिशत रुख विरुवा बाँकी राखि प्रचलित कानुन बमोजिम रुख काट्ने प्रावधानलाई अक्षरस कार्यान्वयन गर्न सम्बन्धित पक्षहरुसँग समन्वय गरिनेछ । अनियमित ढंगले रुख काटिएको कारण सिर्जना हुन सक्ने क्षतीको जिम्मेवार स्वयम् निजी वन धनी हुनेछ ।

## ङ. संस्थागत विकास तथा सुशासन सम्बन्धी नीतिहरुः

१४५. हाल पञ्जीकरण, सामाजिक सुरक्षा भत्ता, सिफारिसपत्र र लेखाको आर्थिक कारोवार डिजिटल प्रविधि मार्फत शुरु गरिएको छ ।

१४६. आगामी ३ वर्षभित्रमा गाउँपालिका र मातहतका कार्यालयहरुबाट पूर्ण रुपमा डिजिटल प्रविधिबाट सेवाप्रवाह गरिनेछ ।

१४७. विद्युतीय शासन प्रणालीको प्रवर्द्धन गर्न गाउँपालिकामा रहेका सबै सरकारी संस्थाहरुमा इन्टरनेट सेवाको विस्तार गर्दै लगिनेछ ।

१४८. साकेला गाउँपालिकाको भौगोलिक, प्राकृतिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, खेतीप्रणाली, रहनसहन आदिको प्रचारप्रसार लगायत गाउँपालिकाको दीर्घकालीन र अल्पकालीन विकास प्रयास सवै सामु पुर्याउनका लागि साकेला गाउँपालिकाको नाममा सञ्चालन गरिएको ट्वीटर, फेसबुक, टिकटक जस्ता सामाजिक सञ्जाल र अनलाइन खवर, अनलाइन टि.भि. र भ्लग जस्ता विद्युतीय खवर प्रणाली व्यवस्थित गर्दै लगिनेछ ।

१४९. गाउँपालिकाको विकास प्रयास प्रक्रियामा आवश्यक पर्ने विभिन्न किसिमका प्रशासनिक तथा प्राविधिक जनशक्तिको उत्पादन तथा विकास गर्दै लगिनेछ ।

१५०. गाउँपालिकाको विकास प्रक्रियामा महत्वपूर्ण योगदान पुर्याउने जनप्रतिनिधि (वहालवाला/पूर्व) नेपाल सरकारका विशिष्ट (वहालवाला/सेवानिवृति) कर्मचारी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, उपभोक्ता समिति, कृषक समूह, किसान, निर्माण ब्यवसायी, व्यापारी, उद्योगपति, स्थानीय गैरसरकारी संस्था, विकास साझेदारलाई कदर/सम्मानपत्रको साथमा नगद पुरस्कारको व्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ ।

१५१. गाउँपालिकालाई पूर्ण शान्ति क्षेत्र बनाउन सम्वन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

१५२. सुशासन स्थापनाका लागि सामाजिक जवाफदेहीताको विकास गरिनेछ ।

१५३. सरकारी कार्यालयहरुबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त बनाइ जनप्रशासनको असली प्रत्याभूति सेवाग्राहीलाई प्रदान गर्न/गराउन विद्युतीय शासन प्रणालीको विकासमा जोड दिइनेछ ।

१५४. सरकारी सेवासुविधा, कार्यप्रगति, जानकारीमूलक सरकारी सूचनाहरु सम्वन्धित निकाय/पक्ष लगायत सर्वसाधरणको जानकारीको लागि इन्टरनेट तथा वेभसाईटको प्रयोगलाई सेवाग्राहीमैत्री बनाउदै लगिनेछ ।

१५५. गाउँपालिकाको समग्र विकास प्रयासमा नागरिकहरुको अर्थपूर्ण सहभागिताको लागि गाउँपालिकाले अवलम्वन गर्ने ऐन, कानुन, नियमावली, कार्यविधि, निर्देशिका, नीतिगत व्यवस्था लगायत अन्य

विषयहरुको बारेमा जानकारी गराउन समुदाय तहमा विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।

१५६. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, उपभोक्ता समिति, सुरक्षाकर्मी लगायत सार्वजनिक पद धारण गरेका व्यक्तिहरुमा सेवामुखी भावनाको विकासमा बढोत्तरी गर्न विज्ञहरु समेतको सहयोगमा विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५७. सुशासनमा सहयोग पुर्याउन विभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुको प्रशासनिक कार्य तथा कार्यालय व्यवस्थापनमा सुधार गर्दै लगिनेछ ।

१५८. गाउँपालिकाको समग्र विकासमा सघाउ पुर्याउने हेतुले पदाधिकारी, कर्मचारी, शिक्षक, उद्यमी, विद्यार्थी, कृषक लगायत सामाजिक अभियन्ताहरुका लागि विभिन्न स्थानहरुमा अवलोकन भ्रमणको व्यवस्था गर्न पहल गरिनेछ ।

१५९. गाउँपालिकाको दिगो विकास नीतिमा राजनैतिक दल, योजनाविद, शिक्षक, नागरिक समाजका अगुवा, विभिन्न स्थानीय गैरसरकारी संस्था, महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग, बालबालिका, विद्यार्थी, एकल महिला, जेष्ठ नागरिक, युवा, आमा समूह, किसान, उद्योगी, व्यापारी, निर्माण ब्यवसायी, लगायत सरोकारवाला सवै पक्षहरुको अर्थपूर्ण सहभागीता सुनिश्चित गरिने/गराइनेछ ।

१६०. साकेला गाउँपालिकाको विकास प्रयासको अभियानमा लिईएका नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने क्रममा संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, विभिन्न गाउँ तथा नगरपालिका, विभिन्न सरकारी तथा गैरसरकारी संघ/संस्था, विकास साझेदार, स्थानीय राजनैतिक दल लगायत सरोकारवाला सबै पक्षहरुसँग आवश्यक समन्वय एवम् सुमधुर सम्बन्ध कायम गरिनेछ ।

१६१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को लागि गाउँपालिकाबाट भए गरेका सम्पूर्ण क्रियाकलापहरुको शाखागत रुपमा दुरुस्त अभिलेख राखि त्यसको प्रतिलिपि स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको सम्पर्क व्यक्तिलाई समेत एकिकृत अभिलेख व्यवस्थापन गर्न उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१६२. स्थानीय तथा जिल्ला स्तरमा कार्यरत सञ्चारकर्मीहरुको संस्थागत विकासमा प्राथमिकता दिइनेछ ।

१६३. साकेला गाउँपालिकाभित्र रहेका सम्पूर्ण सरकारी कार्यालयहरुले सरकारी कामकाजमा प्रयोग गर्ने चिठी पत्रको शिर भागमा शब्दहरु लेख्दा देवनागरि र श्रीजङ्गा दुबै लिपिको प्रयोग गर्नुपर्नेछ ।

**च. वित्तीय तथा राजश्व सम्बन्धी नीतिहरुः**

१६४. गाउँ कार्यपालिकामा भएको मर्मत सम्भार कोषलाई बलियो बनाइ मर्मत सम्भार मापदण्ड तयार गरी कोषको रकम खर्च गरिनेछ ।

१६५. आवश्यकताका आधारमा विभिन्न किसिमका कोषहरुको स्थापना र सञ्चालन गरिनेछ ।

१६६. राजश्वको क्षेत्रहरु पहिचान गरी करका दरहरु निर्धारण गरेर गाउँपालिकाको आन्तरिक स्रोतको अभिवृद्धि गर्दै लगिनेछ ।

१६७. साप्सुखोला र तावाखोलामा रहेको ढुङ्गा, रोडा र बालुवा उपयोग गर्नका लागि छिमेकी पालिकाहरुसँग समन्वय गरिनेछ ।

१६८. साकेला गाउँपालिकाभित्र रहेका खोला/खोल्सा र निजी ढुङ्गालाई समेत करको दायरामा ल्याइनेछ ।

१६९. साकेला गाउँपालिकाको आधारभूत अस्पताल रतन्छा मार्फत सञ्चालनमा आएको एम्वुलेन्स र गाउँपालिकाबाट सञ्चालनमा आएको ब्याकहोलोडरको परिचालन सम्बन्धी तयार भएको मापदण्डलाई समय अनुकूल परिमार्जन गरी सेवा उपलब्ध गराइनेछ ।

१७०. साकेला गाउँपालिकाको वडा नं. ४ स्थित मानेभन्ज्याङमा लाग्ने हटियालाई व्यवस्थित गर्न समयनुसार हाटबजार कर निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

रवि प्रकाश राई
अध्यक्ष

सभा अध्यक्ष महोदय,

अव म साकेला गाउँपालिकाको तर्फबाट चालु आर्थिक वर्ष २०८१/०८२ मा हासिल गरिएका उपलब्धीहरु यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

पुझ्मा –किवा –मखमले –सोल्मा –खिदिमा सडक, नौलाखर्क –हुपापु –आहाले –मानेगाउँ –छाँगेखोला सडकको कालो पत्रे सडक निर्माण गर्न र वडा नं. १ को वडा कार्यालय भवन निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिएको छ । यसैगरी साप्सु खोला, तावाखोला, रुपुवा खोला र साब्जु खोलाको सडकसँग पहुँच भएका विभिन्न स्थानबाट वालुवा उत्खनन् गर्ने कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने कार्य समपन्न भएको छ । यो प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको आधारमा उक्त खोलाहरुबाट वालुवा उत्खनन् गर्ने कार्यको लागि आगामी आर्थिक वर्षमा ठेक्का पक्रिया शुरु गरिने छन् । यसैगरी कोशी प्रदेश सरकारको भौतिक विकास पूर्वाधार कार्यालय उदयपुरबाट बाँझेच्यानडँडा –काल्लिङखोला सडक खण्ड तावाखोलाको पत्राङ्गेटार र साप्सुखोलाको लामीदुवालीमा पक्की सडक पुलको विस्तृत आयोजना प्रतिवेदन (DPR) निर्माण कार्य सम्पन्न हुने प्रक्रियामा रहेका छन् ।

संघीय सरकारको शहरी विकास मन्त्रालयसँगको ६०/४० प्रतिशत लागत साझेदारीमा क्रमागत रुपमा निर्माण भइरहेको प्रशासकीय भवनको उनान्सय (९९) प्रतिशत कार्य सम्पन्न भई भवन हस्तान्तरणको प्रक्रियामा रहेको छ । संघीय सरकार कै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा क्रमागत रुपमा निर्माण भइरहेको साकेला आधारभूत अस्पतालको भवन नव्वे (९०) प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ । यसैगरी संघीय सरकार र साकेला गाँउपालिकाको लागत साझेदारीमा बाझेच्यानडाँडा –रतन्छा –मानेभन्ज्याङ –काल्चिङखोला (२३ कि.मि.) सडक खण्डको डाँडागाउँ, रतन्छाको मबु, सुर्के र खिदिमाको वोपुङ, सौरे, पुझ्मा क्षेत्रमा ग्यावियन वाल, सोलिङ, १४ सय मिटर ग्राभेल र नालीको निर्माण कार्य सम्पन्न भएको छ ।

कोशी प्रदेश सरकार र साकेला गाँउपालिकाको लागत साझेदारीमा कात्तिके सोस्तुङ –रतन्छा -नैनेपाटी (९ कि.मि.) सडक खण्डको बाहुनडाँडा, पिनालाखा, दालिमटोल र वडा कार्यालय आसपास क्षेत्रमा ग्यावियन वाल, सोलिङ, १२ मिटर ग्राभेल निर्माण तथा दुई स्थानमा ह्युमपाइप (Hume pipe) जडानको कार्य सम्पन्न भएको छ । कोशी प्रदेश सरकार र साकेला गाँउपालिकाको लागत साझेदारीमा सडक स्तरोन्नति अन्तर्गत हरेलोडाँडा –बानाचुङ –दोर्पा दिक्तेल (१४.१३ किलोमिटर) सडक खण्डको हरेलोडाँडा -सिम्ले क्षेत्रको चार किलोमिटर सडकमा ग्याविन वाल, मेशनरी वाल, सडक चौडा निर्माण कार्य सम्पन्न भएको छ ।

संघीय सरकार, कोशी प्रदेश सरका, स्वीस विकास सहयोग नियोग (SDC), र गाँउपालिकाको लागत साझेदारीमा नयाँ सिंचाईं योजना तर्फ साकेला गाउँपालिका वडा नं. ५ मा कैदले खोला सिंचाईं योजना र साकेला गाउँपालिका वडा नं. १ मा साब्जु धुलिमाटि सिंचाईं योजना निर्माण सम्पन्न भएका छन् भने क्रमागत सिंचाईं योजना तर्फ साकेला गाउँपालिका वडा नं. १ को बतासे दोभान सिंचाईं योजना निर्माण सम्पन्न भएको छ । उक्त तीन वटै सिंचाईं योजनाको कुल लम्वाइ ३६,०० मिटर रहेको छ भने उक्त योजनाहरुबाट ९६.५ हेक्टर गरी हालसम्म सम्पन्न भएका सिंचाईं योजनाहरुबाट १०६५.९ हेक्टर जमिनमा सिँचाइ भइरहेको अवस्था छ । सम्पन्न भएका सिँचाइ योजनाबाट गाउँपाकालिको कृषि उत्पादनमा वृद्धि भई गाउँपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुगेको देखिन्छ ।

यसैगरी प्रदेश सरकार शसर्त अनुदान तर्फ साकेला गाउँपलिका वडा नं. १ स्थित चण्डेश्वरी माध्यमिक विद्यालय परिसरमा तार घेराबारा, बाँझे खेल मैदान र पाँचकन्या जालपादेवी मन्दिर संरक्षण साकेला गाउँपालिका वडा नं. ४ स्थित बालबालिका माध्यमिक विद्यालयको भवन मर्मत तथा सम्भार र तावादोभानमा आर्यघाट निर्माण कार्य अन्तर्गत प्रतिक्षालय र खोला छेक्नका लागि पर्खाल निर्माण कार्य सम्पन्न भएका छन् ।

खानेपानी अन्तर्गत मुस्लुङ मानेभन्ज्याङ खानेपानी मर्मत, साकेला आधारभूत विद्यालय खानेपानी योजना, पाउदुरे हुपापु धारेखोला खानेपानी निर्माण, सोल्मा खानेपानी योजना मर्मत, साकेलाबजार खानेपानी योजना, हात्तिसुढे खानेपानी योजना मर्मत, खिदिमा खानेपानी योजना, पिनालाखा खानेपानी योजना, वडा नं. ४ को पाउदुरे खानेपानी योजना र बाँझे खानेपानी योजना मर्मत तथा निर्माण कार्य सम्पन्न भएका छन् । उक्त खानेपानी योजनाहरुबाट १७० घरधुरी प्रत्यक्ष लाभान्वित हुनेछन् ।

गाँउपालिकाको मौजुदा सडक निर्माण तथा स्तरोन्नति तर्फ सासिप लामीदुवाली सडक, ओखलीढुङ्गा मबु सडक, बाँझोखेत साकेला आधारभूत अस्पताल सडक, पालतपानी सडक, ढाँडे हात्तिसुढे सडक, कुन्तुङ सडक, निमालुङ मबु सडक र वडा नं. ३ को लामिडाँडा जाने सडकको निर्माण तथा स्तरोन्नतिको काम सम्पन्न भएका छन् । उक्त सम्पन्न सडक योजनाहरुको कूल लम्वाइ ५.६ किलोमिटर रहेको छ । यसैगरी साकेला माध्यमिक विद्यलाय रतन्छाको भवनको लागि सुरक्षा पर्खाल, सिद्धेश्वरी माध्यमिक विद्यालय खिदिमा सभाहल व्यवस्था, साझा आधारभूत विद्यालय किवा परिसरमा तारघेरावारा, पिपलडाँडा आधारभूत विद्यालय बुतेपा परिसरमा तारघेरावारा, बालबालिका माध्यमिक विद्यालय नौलाखर्क तारघेराबारा, प्रजातन्त्र आधारभूत विद्यालय पारुङ तारघेरावारा, जनकल्याण आधारभूत विद्यालय सिमलडाँडा, जनता आधारभूत विद्यालय सल्लेरीको विद्यालय भवन मर्मत र खिदिमा आधारभूत विद्यालय वोपुङको सिँढी निर्माण कार्य सम्पन्न भएका छन् ।

यसैगरी साकेला गाँउपालिकाको प्रमुख नाकाहरुमा स्थानीय स्तरमा उपलब्ध हुने काठको उपयोग गरी साप्सुखोला, सोस्तुङ (रतन्छा जाने शुन्य विन्दु), डाँडाटोल (दिप्रुङ चुइचुम्मा जाने शुन्य विन्दु), मानेभन्ज्याङबाट पारुङ छुट्टने सडकको शुन्य विन्दु, मानेभन्ज्याङबाट रतन्छा जाने सडकको शुन्य विन्दु, मानेभन्ज्याङबाट बोपुङ जाने सडकको शुन्य विन्दु, तावाभन्ज्याङमा स्वागत तथा धन्यवाद गेट निर्माणको कार्य सम्पन्न उन्मुख रहेका छन् । साकेला गाउँपालिकाको प्रमुख सडकहरुको वस रोकिने स्थानमा काठको प्रतिक्षालय, पर्यटकीय स्थल तावाभन्ज्याङ र चखेवामा काठको फोटो खिच्ने ठूलो फ्रेम, काठको ठूलो कुर्सी निर्माण कार्य भइरहेका छन् । तावाभन्ज्याङको चिण्डो पोखरी र साप्सुकोला गेटमा काठको स्काइ वाक समेत निर्माणाधिन अवस्थामा रहेका छन् । यसैगरी इलाका प्रहरी कार्यालय मात्तिम परिसरमा दुर्गा मन्दिर, सेखुवा स्वास्थ्य चौकी भवनको स्तरोन्ति र साकेला गाउँपालिका जानेबाटोमा पक्की सिँढी निर्माण कार्य सम्पन्न हुने चरणमा रहेका छन् ।

सभा अध्यक्ष महोदय,

संघीय सरकार स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय इटहरीबाट साकेला वडा नं. ५ डाँडाटोल शुन्य विन्दुदेखि दिप्रुङ चुइचुम्मा वडा नं. १ याम्खा छविलालको घरसम्मको सडक खण्ड स्तरोन्नति र रतन्छा मबुदेखि –चुतेपासम्म ३ किलोमिटर सडकको निर्माण कार्य सम्पन्न भएका छन् । कोशी प्रदेश सरकारको पूर्वाधार विकास कार्यालय उदयपुरबाट झगरपुर -कुरिमा सडक सेखुवा, कात्तिके सोस्तुङ –रतन्छा सडक स्तरोन्नति, साकेला वडा नं. २ देखि वडा नं. ४ हुँदै -पाँचधारे जोड्ने शहिद नविन राई सडक र रतन्छाको मखुवाखोला –पिनालाखा –नैनेपाटी सडक स्तरोन्नतिको कार्य सम्पन्न भएका छन् । शहरी विकास तथा भवन कार्यालय ओखलढुङ्गाको सडक स्तरोन्नति कार्यक्रम अन्तर्गत नौलाखर्क –छाँगेखोला -धँगेरी हुँदै धिप्लुङ झर्ना जाने सडक र वोफुइबाट वडा नं. ५ को वडा कार्यालय हुँदै साकेला थान जाने सडकको निर्माण कार्य सम्पन्न भएका छन् । शहिद मनकुमार राई सडकको स्तरोन्नति गर्ने कार्य भइरहेको छ ।

यसैगरी संघीय सरकारको संघीय खानेपानी कार्यालय दिक्तेलबाट मात्तिम खानेपानी योजना, साकेला गाउँपालिका वडा नं. १, २, ३, ४ र ५ खानेपानी योजना निर्माणाधिन अवस्थामा रहेका छन् भने कोशी प्रदेश सरकार खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय दिक्तेलबाट रविला खानेपानी योजना पारुङ, हात्तिसुढे खानेपानी योजना नौलाखर्क, रानीवन खानेपानी योजना कुन्तुङ, वडा नं. ४, ५ र २ खानेपानी व्यवस्थापन, खरुवाखोला खानेपानी योजना वडा नं. ३, ४ र ५ र सेखुवा खानेपानी योजना निर्माणाधिन अवस्थामा रहेका छन् । कात्तिके रतन्छा मखुवाखोला पक्की सडक पुल निर्माण सम्पन्न पूरा भई सञ्चालनमा आएको छ ।

वर्षायाममा आएको अविरल वर्षातको कारण बिग्रिएको/भत्किएको सडक मर्मत सम्भार तर्फ गाउँपालिकामा निर्माणाधिन प्रमुख सडक बाँझेच्यानडाँडा – रतन्छा –मानेभन्ज्याङ –काल्चिङखोला सडक, सोस्तुङ कातिके –रतन्छा नैनेपाटी सडक र साप्सु –मानेभन्ज्याङ –पाँचधारे सडकमा नियमित यातायात सञ्चालन हुने गरी मर्मत सम्भार गरिएको थियो । गाउँपालिकामा निर्माण भएका शाखा सडकहरु मध्ये वडा नं. १ को हरेलोडाँडा –बानाचुङ सडक, खत्रीगाउँ सडक तालखर्क र कुन्तुङ सडक, वडा नं. २ को माथिल्लो मबु सडक, ओखलीढुङ्गा सडक मबु, वडा नं. ३ को भाङटार –खिदिमा –सोल्मा -मखमले, वोरा, किवाहुँदै पुख्रा सडक, किवा पत्राङ्गेटा -वोरा, -सोल्मा –पानटार –लामिडाँडा –दुम्छेली सडक, वडा नं. ३ वडा कार्यालय सडक, कोक्रा सडक र हात्तिसुढे सडक, वडा नं. ४ को हुपापु –आहाले –मानेगाउँ सडक, विसाउने -सल्लेरी, विसाउने – मानेगाउँ –धिमालगाउँ सडक, मानेगाउँ –धिप्लुङ झर्नाजोड्ने सडक, नौलाखर्क –वडा कार्यालय जोड्ने सडक, वडा कार्यालयबाट हुपापु जोड्ने सडक, वडा नं. ५ को पारुङ –कातिक सडक, वोफुङ –चुम्लुङ सडक र वडा कार्यालयबाट साकेलाथान जाने सडकहरु मर्मत गरी हिउदभरी विना रोकावट नियमित रुपमा यातायात सुचारु गरिएको छ ।

सभा अध्यक्ष महोदय,

"श्रमको सम्मान राष्ट्रको अभियान" भन्ने मूल नाराकासाथ चालु आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २६१ जना वेरोजगार व्यक्तिहरुको नाम सूचीकरण गरिएकोमा रोजगार व्यवस्थापन सूचना प्रणाली विधिबाट वेरोजगार व्यक्तिहरु छनौट गर्ने क्रममा जम्मा ४७ जना व्यक्तिहरु छनौट गरी उनीहरुलाई १०० दिनको रोजगार उपलब्ध गरिएको छ । वडा नं. १ को सेखुवा उपस्वास्थ्य चौकीको पर्खाल निर्माण, राधाकृष्ण माध्यमिक विद्यालयको पर्खाल निर्माण, धुमा सडक ३० मि. सोलिङ निर्माण, बाँझे ठाडो वाटो २७ मि. सोलिङ, मुनाम्पा पर्खाल निर्माण र वाँझै स्वास्थ्य चौकीको भवनमा शिलिङको काम सम्पन्न भएका छन् । वडा नं. २ मा सुर्केको स्कूल जाने गोरेटो बाटो १६० मिटर मर्मत र साकेला माध्यमिक विद्यालय परिसरमा पर्खाल निर्माण कार्य सम्पन्न भएका छन् । वडा नं. ३ मा रहेका सम्पूर्ण शाखा सडकहरु ५.९ किलोमिटर मर्मत गरिएको र तावाभन्ज्याङको एक हजार नौ सय पचपन्न (१९५५) वर्ग मिटर चिया वगान गोडमेलको काम सम्पन्न भएको छ । वडा नं. ४ मा ठूलोधारादेखि हाइवे जोड्ने पैदन वाटो ९० मिटर मर्मत, विष्टको घरदेखि नागढुङ्गासम्मको गोरेटो वाटो २९० मिटर मर्मत, भूजेलधारादेखि शिव फुयलको वारीसम्म्को गोरेटे वाटो ८४० मिटर मर्मत सम्पन्न भएको छ । यसैगरी वडा नं. ५ मा बाघेम्पा चौतारादेखि सरस्वती माध्यमिक विद्यालयसम्मको १७३ मिटर गोरेटे वाटो मर्मत र बागधन राईको घरदेखि सरस्वती माध्यमिक विद्यालयसम्म जाने ५५ मिटर गोरेटो वाटो मर्मत, चुम्लुङ बाँसघरीदेखि दिल चामलिङ राईको घरसम्म जाने ११० मिटर गोरेटो बाटो मर्मत र बलरामको घरदेखि माथितिर जाने ५० मिटर गोरेटो बाटो मर्मत कार्य सम्पन्न भएको छ ।

सभा अध्यक्ष महोदय,

धार्मिक, सामाजिक तथा कला संस्कृतिको विकास अन्तर्गत सार्वजनिक सेवा प्रशारण नेपाल एनटिभी इटहरी च्यानलबाट किराँत राई चाम्लिङ भाषाको कार्यक्रम निर्माण र प्रसारण गर्न किराँत राई चाम्लिङ मञ्च (खाम्वातिम) संग सम्झौता भइ कार्यान्वयनमा रहेको छ । यो कार्यक्रमबाट चाम्लिङ भाषाको उत्थानमा ठूलो सहयोग पुग्ने विस्वास गरिएको छ । हाम्रो मौलिक संस्कृतिको रुपमा रहि आएको नौमति बाजा संरक्षण तथा व्यावसायिक गर्ने कार्यक्रम अन्तर्गत साकेला गाउँपालिका वडा नं. ४ मा स्थापना भएको नौमति वाजा वैण्ड समूलाई नौमति बाजा व्यवस्थापन गर्न सहयोग गरिएको छ । मानेभन्ज्याङमा वुद्धको ध्यान मुद्रामा रहेको (४*३) फिटको मूर्ती निर्माण कार्य सम्पन्न भएको छ । साकेला गाँउपालिकाको महत्वपूर्ण स्थानहरुमा गाउँपालिकाको पर्यटन विकासमा टेवा पुग्ने गरी ऐतिहासिक, धर्म, संस्कृति झल्कने भित्तेचित्र (वुद्ध, यलम्वर, शिव, नाग, तयामा खियामा, गाँउपालिकाको विभिन्न पर्यटकीय क्षत्र, गाँउपालिकाको नक्सा र साकेला थान

रतन्छामा किराँत सभ्यता झल्किने विभिन्न किसिमका चित्र) हरुको चित्र लेखन तथा निर्माण कार्य सम्पन्न भएका छन् ।

स्वास्थ्य सेवा तर्फ चालु आर्थिक वर्षमा २१ वटा खोप केन्द्रबाट जन्मेदेखि १५ महिना सम्मका बालबालिकाहरु वडा नं. १ मा ३३ जना, वडा नं. २ मा २१ जना, वडा नं. ३ मा २३ जना, वडा नं. ४ मा २४ जना र वडा नं. ५ मा १४ जना गरी जम्मा ११५ जना बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार नियमित रुपमा पाइरहेका छन् । त्यसैगरी १६ देखि ५९ महिनाका बालबालिकाहरुको घरधुरी सर्वेक्षण गर्दा वडा नं. १ मा ९६ जना, वडा नं. २ मा ९६ जना, वडा नं. ३ मा ८२ जना, वडा नं. ४ मा ७४ जना र वडा नं. ५ मा ६९ जना गरी जम्मा ४१७ जना बालबालिकाहरुले पूर्ण खोप पाएको अवस्था रहेको छ । घरधुरी सर्वेक्षणमा राष्ट्रिय खोप तालिका अनुसार ४१७ जना बालबालिका मध्ये एक जना बालक खोप लगाउनबाट छुट भएको पाइएकोले सो बालकलाई समेत पूर्ण खोप लगाइएको थियो । तसर्थ गाउँपालिकामा अन्य कुनै पनि बालबालिका खोपबाट वञ्चित भएको नपाइएकोले मिति २०८१ साल बैशाख ५ गतेदेखि क्रमिक रुपमा सबै वडामा बैशाख २१ गतेभित्र पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सम्पन्न गरी गाउँपालिकामा मिति २०८१ साल जेठ ३० गतेका दिन औपचारिक रुपमा पालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ ।

साकेला गाउँपालिकाको विभिन्न नौ आधारभूत तथा माध्यमिक विद्यालय र ५ वटा आधारभूत स्वास्थ्य संस्थाहरु गरी जम्मा चौध वटा खोप केन्द्रहरुबाट २०८१ साल माघ २२ देखि २४ गतेसम्म कक्षा ६ देखि कक्षा १० सम्म अन्ययनरत छात्राहरुलाई पाठ्यघरको मुखको क्यान्सर विरुद्धको खोप (HPV) अभियान सञ्चालन गरिएको थियो । यस अभियानबाट वडा नं. १ मा ११७ जना, वडा नं. २ मा ७२ जना, वडा नं. ३ मा ६७ जना, वडा नं. ४ मा ६३ जना र वडा नं. ५ मा ८० जना गरी जम्मा ३९९ जना छात्राहरु लाभान्वित भएका थिए । उक्त तथ्याङ्कमा विद्यालय नजाने (१० वर्ष देखि १४ वर्षसम्मका) २ जना किशोरीहरु समेत समावेश भएका छन् ।

यसैगरी सवै स्वास्थ्य संस्था र २० वटा गाउँघर क्लिनिक मार्फत नियमित रुपमा प्राथमिक स्वास्थ्य सेवा, परिवार नियोजन, पोषण, क्षयरोग, कुष्ठरोग, एच.आइ.भी.एडस्, यौन तथा यौन जन्य रोग, वाल रोग, दीर्घ रोग एवम् महामारीजन्य रोग र सुरक्षित मातृत्व सेवा सञ्चालन भएका छन् ।

सभा अध्यक्ष महोदय,

चालु आर्थिक वर्षमा पाँच वटै वडामा क्षयरोग खोजपडताल शिविर सञ्चालन गर्ने क्रममा १२८ जनाको खकार जाँच गरिएको थियो । खकार जाँचको नतिजा हेर्दा सबै जना स्वस्थ्य रहेको देखियो ।

२०८१ साल पुस ३ गतेदेखि ८ गतेसम्म सञ्चालन गरिएको प्रजनन् रुग्णता स्वास्थ्य सेवा एवम् परिवार नियोजनको अस्थायी साधन (IUCD and Implant) सेवा शिविर कार्यक्रममा १३५ जना महिलाहरुले सेवा पाएका थिए । यस मध्ये पाठ्यघरको मुखको क्यान्सर जाँच गर्ने सेवा ग्राही ११४ जना रहेकोमा उनीहरुको प्रतिवेदन हेर्दा सबै जनामा रोग नभएको पाइयो, १४ जना आंङ खस्ने समस्या भएका महिलाहरुको जाँच गर्दा ८ जना विरामी महिलाहरुलाई रिङप्रेसरी मार्फत प्राथमिक उपचार गरियो भने बाँकी ६ जना विरामी महिलाहरुलाई परामर्श सेवा प्रदान गरियो । शिविरमा आएका सेवाग्राही मध्ये ५२ जना सेवाग्राहीलाई यौन रोग उपचार एमव् परामर्श सेवा प्रदान गरिएको व्यहोरा अनुरोध छ । यसैगरी परिवार नियोजनको पाँच वर्षे अस्थायी साधन इम्प्लान्ट (Implant) सेवा अन्तर्गत २४ जना सेवाग्राहीले सेवा प्राप्त गरेका थिए ।

यसैगरी आठ प्रकारका कडा रोग जस्तै क्यान्सर, मृगौला रोग, मुटु रोग तथा शरीरको मुख्य मेरुदण्ड भाँचिएको विरामीहरुलाई विपन्न उपचार सहुलियत कोष मार्फत उपचारको लागि चालु आ.व.मा २१ जना विरामीलाई सिफारिस गरिएको छ भने चार प्रकारका (मृगौला फेल भइ डाइलाइसिस गराइरहेका, मृगौला फेल भइ मृगौला प्रत्यारोपण गराएका, क्यान्सर र मेरुदण्ड भाँचिएर पक्षघात भएका) कडा रोगका हाल सम्मका २१

जना विरामी मध्ये १७ जना क्यान्सर रोगी, मृगौला फेल भइ डाइलाइसिस गरिरहेका विरामी ४ जना र मृगौला प्रत्यारोपण गरेका विरामी १ जना रहेका छन् । उनीहरुले मासिक रकम रु. ५०००।– (अक्षरेपि पाँच हजार रुपैयाँ मात्र) औषधि उपचार वापत खर्च पाइरहेका छन् ।

४३ जना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुले राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि खुवाउने अभियान अन्तर्गत ६ देखि ५९ महिनासम्मका ५२८ बालबालिकाहरुलाई भिटामि ए र १२ देखि ६९ महिनासम्मका ४८२ जना बालबालिकाहरुलाई जुकाको औषधि खुवाइएको थियो । यसैगरी गाउँपालिकाको २८ वटै विद्यालयमा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययरत १३७३ जना विद्यार्थीहरुलाई जुकाको औषधि स्वास्थ्य कर्मीहरुको उपस्थितिमा सम्बन्धित विद्यालयहरुले खुवाए थिए ।

सभा अध्यक्ष महोदय,

गत आर्थिक वर्षबाट सञ्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत साकेला गाउँपालिकाको सात वटै स्वास्थ्य सस्थाहरु मार्फत २९ दिन देखि ५ वर्ष मुनिका ५१८ जना बालबालिकाहरुमा हुन सक्ने जन्मदोष परीक्षण गरिएको थियो । पाँच सय अठार (५१८) जना बालबालिका मध्ये वडा नं. २ मा १ जना र वडा नं. ४ मा २ जना गरी जम्मा ३ जना बालबालिकाहरुमा जन्मदोष पहिचान गरिएको थियो । उनीहरु मध्ये २ जना बालबालिकाहरुलाई अपाङ्गता परिचयपत्र वितरण गरिएको थियो । गाउँपालिकाको २८ वटै विद्यालयहरुमा एकिकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली (IEMIS) मार्फत प्रारम्भिक बालबिकास (ECD) देखि ५ कक्षासम्म अध्ययन गरिरहेका १० वर्ष मुनिका बालबालिकाहरु मध्ये एक हजार वयालिस (१०४२) जना विद्यार्थीहरूको अपाङ्गताको शिघ्र पहिचानको लागि प्रारम्भिक परीक्षण गरिएकोमा ३४ जना विद्यार्थीहरुमा सम्भावित जन्मदोष रहेको पाइयो । वडागत रुपमा मिति २०८० जेठ १९ देखि २३ गतेसम्म अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण शिविर सञ्चालनको क्रममा विभिन्न (मानसिक, आँखा, हाडजोर्नी, मुटु, कुपोषण) किसिमका ५४ जना अपाङ्गत भएका व्यक्तिहरुको पहिचान भएको थियो । यस मध्ये मिति २०८१ चैत्र ९, १० र ११ गते नेपाल नेत्रज्योति संघीय सरकार खोटाङले आखाँ उपचार केन्द्र दिक्तेलमा सञ्चालन गरेको आँखा शिविरमा आँखाको उपचारको लागि १८ जना सिफारिस गरिएको ८ जना व्यक्तिहरुमा उपचारमा गई स्वास्थ्य लाभ गरेका छन् । यही शिविरमा ९६ जनाका लागि अपाङ्गता सहायक सामग्री आवश्यकताको पहिचान भएका ११ जना अपाङ्गत भएका व्यक्तिहरुलाई मिति २०८१ साल मंशिर १८ गते अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राईज्यूद्वारा सहायक सामग्री वितरण गरिएको थियो ।

यसैगरी मिति २०८१ चैत्र १६, १७ र १८ गतेसम्म करुणा फाउण्डेशन नेपालले जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र दिक्तेलमा सञ्चालन गरेको मानसिक तथा मनोसामाजिक स्वास्थ्य शिविरमा मानसिक तथा मनोसामाजिक उपचारका लागि १५ जना विरामी सिफारिस गरिएकोमा १० जना विरामी व्यक्तिहरु उपचारमा गइ स्वाथ्य लाभ गरेका थिए । अन्य अपाङ्गता भएका व्यक्तिहरुलाई मिलिजुली समूहको बैठक वसेको समयमा नजिकैको स्वास्थ्य संस्थामा स्वास्थ् परीक्षण गरी सामान्य उपचार गरिएको व्यहोरा अनुरोध छ ।

सभा अध्यक्ष महोदय,

साकेला गाउँपालिकामा सञ्चालन भइरहेको पूर्ण सरसफाइ अभियान अन्तर्गत विभिन्न तहका पूर्ण सरसफाइ अभियान समन्वय समितिहरु गठन भइ क्रियाशिल रहेका छन् । सबै वडामा गठन भएका ३९ वटा टोल विकास तथा सुधार समितिको लागि मासिक रुपमा सरसफाइ सम्बन्धी अभिमुखिकरण तालिम सञ्चालन गरिएको छ । टोल विकास तथा सुधार समिति कै अगुवाइमा सबै टोलमा नियमित रुपमा सरसफाइ हुँदै आएको छ । गाउँपालिकाको २८ वटा विद्यालयमा सरसफाइ सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो भने सम्पूर्ण विद्यालय परिसरमा शिक्षक विद्यार्थीहरुले नियमित रुपमा सरसफाइ गरिरहेका छन् । यसले गर्दा गत

वर्षको तुलनामा यस वर्ष विद्यालय सरसफाइ क्षेत्रमा उल्लेख्य सुधार भएको देखिन्छ । गाउँपालिकाको सबै वडाबाट फोहोरमैला संकलन गरी पालिकाको फोहोरमैला वर्गीकरण क्षेत्रमा लगि फोहरमैलाको उचित व्यवस्थापनको कार्य थालनी भएको छ । गाउँपालिकाको पर्यटकीय स्थलहरु मध्ये तावाभन्ज्यङ, वावुपोखरी, रतन्छा साकेलाथान, मानेभन्ज्याङबजार, चखेवा लगायतका स्थानहरुमा नियमित सरसफाइको कार्य गरिएको छ । गाउँपालिका परिसरमा साप्ताहिक रुपमा सररफाइको कार्य भइरेहको छ । यसैगरी गाउँपालिकाभित्र रहेका घना बस्तीहरुमा नियमित रुपमा सरसफाइ कार्यक्रम सञ्चालन भएका छन् । धुवा रहित भान्छा कार्यक्रम अन्तर्गत सुधारिएको चुलो कार्यक्रमबाट चालु आर्थिक वर्षमा १५० सुधारिएको चुलो निर्माण गरिएको छ । यसैगरी सरसफाइ सम्बन्धी चेतना बृद्धि गर्नका लागि गाउँपालिकाभित्रका महत्वपूर्ण स्थानहरुमा काठको सूचनापाटी स्थापना गरिने कार्य भइरेहको छ ।

सभा अध्यक्ष महोदय,

शिक्षाको विकास तर्फ साकेला गाउँपालिका वडा नं. १ डाँडागाउँ स्थित चण्डेश्वरी आधारभूत विद्यालयको कक्षा स्तरोन्नति गर्नका साथै माध्यमिक विद्यालयको अनुमति प्रदान गरी स्वीकृत प्रदान गरिएको छ । उक्त माध्यमिक विद्यालय सञ्चालन गर्नका लागि माध्यमिक तहको गणित, विज्ञान र अंग्रेजी विषयको विषयगत शिक्षकको व्यवस्था गरिएको छ । श्री सरस्वती माध्यमिक विद्यालय मात्तिमविर्तामा गोर्खा वेल्फेयर ट्रष्ट नेपाल पोखरा र सरस्वती माध्यमिक विद्यालयको लागत साझेदारीमा १२ कोठे सुविधा सम्पन्न पक्की भवनको निर्माण कार्य सम्पन्न भएको छ । साझा आधारभूत विद्यालयमा तारघेरावारा गरिएको छ । राधाकृष्ण माध्यमिक विद्यालय, चण्डेश्वरी माध्यमिक विद्यालय, साकेला माध्यमिक विद्यालय, बालबालिका माध्यमिक विद्यालय, सरस्वती माध्यमिक विद्यालय र सिद्धेश्वरी माध्यमिक विद्यालयहरुमा प्रभावकारी शिक्षण सिकाइ व्यवस्थापनका लागि डिजिटल स्मार्ट वोर्ड जडान गरिएको छ । २८ वटै विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको वैयक्तिक विवरण शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा अध्यावधिक गरिएको छ । २८ वटै विद्यालयहरुमा विद्यालयको नियमित प्रशासनिक, शैक्षक तथा अन्य कार्यको सहजताका लागि सूचना तथा सञ्चार प्रविधि (ICT) का सामग्रीहरु व्यवस्थापन गरिएको छ । साकेला माध्यमिक विद्यालय रतन्छामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) अन्तर्गत तीन वर्षे बाली विज्ञान अध्ययन् गर्ने पाँच वटै वडाका दलित, अल्पसंख्यक, विपन्न र जेहेनदार विद्यार्थीहरु मध्ये छनौट भएका दश जना विद्यार्थी अध्ययन गर्नका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ । यसैगरी सोही विद्यालयमा चामलिङ भाषा अध्यापन गर्न र टाँकीवारी आधारभूत विद्यालयमा अध्यापनका लागि जनशक्तिको व्यवस्था गरिएको छ ।

सभा अध्यक्ष महोदय,

आर्थिक विकास अन्तर्गत संघीय शसर्त बजेटको किसान सूचीकरण कार्यक्रम अन्तर्गत पेश भएका वडा नं. १, २ र ४ को किसान सूचीकरणको अभिलेख वडा समितिको बैठक तथा स्थलगत अनुगमनद्वारा प्रमाणिकरण गर्ने कार्य सम्पन्न भएको छ । यसका साथै वडा नं. ३ र ४ का विभिन्न टोलहरुमा किसान सूचिकरणको घुम्ती शिविर सञ्चालन गरी छुटेका कृषकको विवरण संकलन तथा अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । कृषि वालिमा देखिएका मौसमी तथा आकस्मिक रोग तथा किराको समाधानका लागि वाली संरक्षण कार्यक्रम अन्तर्ग करिव २३० जना कृषकलाई वाली संरक्षण सम्बन्धी परामर्श सेवाका अतिरिक्त जैविक तथा वानस्पातिक विषादी वितरण गरिएको छ । कोशी प्रदेश सरकारको अनुदानमा वडा नं. ५ का मौरी पालन कृषक समूह मार्फत सेरेना जातको मौरी सहित ९७ वटा मौरीको घार र मौरी उपकरण वितरण गर्ने कार्य प्रकृयामा रहेको व्यहोरा अनुरोध छ ।

यसैगरी पशु सेवा शाखाबाट नियमित रुपमा प्रदान गरिरहेको सेवाका अतिरिक्त पशुपन्छी उपचार सेवा अन्तर्गत १२ सय कृषक घरपरिवारमा करिव ८ हजार भन्दा वढी पशुपन्छीहरुलाई विभिन्न किसिमका परजीवि

नियन्त्रण तथा अन्य समस्या अनुसारको उपचार सेवा प्रदान गरिएको छ । भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र दिक्तेल खोटाङबाट पशुमा लाग्ने खोरेत रोग विरुद्धको खोप प्राप्त भई करिव ६ हजार गाईभैंसीहरुमा खोप लगाइएको छ । वडा नं. ५ मा कुकुरले जथाभावी बाँधेको गाईवस्तुहरुलाई टोक्दै हिडेकोले उक्त कुकुरहरुमा रेविज रोग भएको शंका गरिएको हुँदा वडा नं. ५, वडा नं. ३ र वडा नं. १ का २७३ वटा कुकुर तथा विरालोहरुलाई रेविज विरुद्धको खोप लगाइएको छ ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको चालु आर्थिक वर्ष २०८१/०८२ मा नयाँ लघु उद्यमी सिर्जना कार्यक्रम अन्तर्गत ४० जना नयाँ उद्यमी सिर्जना गर्ने लक्ष्य रहेकोमा ३१ जना उद्यमीहरु सिर्जना भएका छन् । नयाँ उद्यमी हुनेहरुमा अजम्वरी केश श्रृङ्गार लघु उद्यमी समूह वडा नं. ४ पाउदुरेबाट १३ जना महिला, विद्युत जडा लघु उद्यमी समूह नौलाखर्कका ८ जना र बाँसको फर्निचर निर्माण व्यावसायिक लघुउद्यमी समूहबाट ९ जना व्यक्तिहरु रहेका छन् । व्यावसायिक तथा सीप विकास तालिम केद्र ओखलढुङ्गासँगको साझेदारीमा तीन महिने केश श्रृङ्गार तथा विद्युत जडान तालिम सम्पन्न गरिएको थियो भने घरेलु तथा साना उद्योग कार्यालय दिक्तेल खोटाङको साझेदारीमा बाँसको फर्निचर बनाउने तीन महिने सीप विकास तालिम सम्पन्न गरिएको छ । यसैगरी भइरहेका व्यवसायीको स्तरोन्नति तर्फ साकेला गाउँपालिका वडा नं. ५ सोस्तुङ कात्तिकेमा क्रियाशील सुनाखरी व्यावसायिक कफी खेती लघु उद्यमी समूह सोस्तुङका सदस्यहरुको लागि व्यवसायिक कफी खेती स्तरोन्नति तालिम प्रदान गरिएको थियो । यही अवसरमा उक्त समूलाई गरिबी निवारणका लागि लघु उद्यम विकास सञ्चालन निर्देशिका, २०७७ को बुदाँ नं. ४०, ४१ र ४२ बमोजिम कफीको पार्चमेन्ट र ग्रीनविन सुकाउन घर निर्माणको लागि आवश्यक पर्ने टनेल लगायतका सामग्री समेत उपलब्ध गरिएको थियो । यस्ता किसिमका सहायताबाट व्यावसायिक कफी खेती गर्न समूह सदस्यहरुमा थप उर्जा प्राप्त भई व्यावसायिक कफी खेती सफल हुने विस्वास गरिएको छ ।

सभा अध्यक्ष महोदय,

महिला विकास अन्तर्गत महिलासँग उपाध्यक्ष कार्यक्रमबाट महिलाहरुको कार्यबोझ घटाउने उद्देश्यकासाथ आवश्यकताको पहिचान गरी पाँच वटै वडाका महिला तथा आमा समूहहरुलाई कुटानी पिसानीको १० सेट कम्वाइन मिल र विभिन्न आमा समूहको भवनमा आवश्यक पर्ने फर्निचर मध्ये प्लाष्टिक कुर्सी उपलब्ध गराउन ७०० थान प्लाष्टिक कुर्सी खरिद प्रकृयामा रहेको छ । खरिद प्रकृया सम्पन्न पश्चात तुरुन्तै उक्त सामग्री छानिएका महिला तथा आमा समूहलाई हस्तान्तरण गरिने व्यहोरा यो सम्मानित सभामा अनुरोध गर्दछु । महिला क्षमता विकास कार्यक्रम अन्तर्गत २० जना महिलाहरुको लागि तीन दिने "महिला नेतृत्व विकास, उद्घोषण तथा भाषणकला" तालिम सञ्चालन गरिएको थियो ।

सामाजिक सुरक्षा भत्तालाई सहज, पारदर्शी र सेवामुखी बनाउन नवीकरण शिविर र वैंकिङ प्रणाली मार्फत वितरणका लागि वर्षको ३ पटक लाभग्राहीलाई पायक पर्ने ठाउँबाट भुक्तानी शिविर सञ्चालन गरिएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रहीहरुको लागि अनिवार्य रुपमा वायोमेट्रिक प्रणाली लागू गरी आगामी आर्थिक वर्षमा समेत नवीकरण गर्दा अनिवार्य वायोमेट्रिक गर्ने तयारी गरिएको छ । हरेक वडाहरुबाट अनलाइन प्रणाली मार्फत व्यक्तिगत घट्ना दर्ता, सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन सूचना प्रणाली (MIS) मा प्रविष्ट गर्नुका साथै डाटा शुद्धीकरणको कामलाई निरन्तर सञ्चालन गरिएको छ भने राष्ट्रिय परिचयपत्र वितरणको कार्य चालु आर्थिक वर्षबाटै शुरु गरिनेछ ।

यसैगरी गाउँपालिको प्रशासनिक संगठन व्यवस्थित गर्न पालिकाको संगठन तथा व्यवस्थाप सर्वक्षणको कार्य सम्पन्न भएको छ । यसबाट गाउँपालिकाको प्रशासनिक सेवा चुस्त हुन गइ सेवा प्रवाहमा सुधार आउने अपेक्षा गरिएको छ अध्यक्ष महोदय ।

रवि प्रकाश राई
अध्यक्ष

सभा अध्यक्ष महोदय,

अव म यस सम्मानित सभामा आर्थिक वर्ष २०८१/०८२ को आम्दानी र खर्च प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस गाउँपालिकाको मिति २०८१ असार ७ गतेसम्मको चालुतर्फ संघीय राजश्व बाँडफाँडको रकम बापत आम्दानी रकम रु. ४,९५,५३,९८३।५१ (अक्षरेपि चार करोड पन्चानब्बे लाख त्रिपन्न हजार नौ सय त्रियासी रुपैयाँ एकाउन्न पैसा मात्र), प्रदेश सवारी करबाट प्राप्त रकम रु. २९,८५,७८२।८६ (उनान्तिस लाख पचासी हजार सात सय बयासी रुपैयाँ छयासी पैसा मात्र), संघीय ससर्त चालुबाट रकम रु. १३,४९,६१,०००।- (अक्षरेपि तेह्र करोड उनान्पचास लाख एकसठ्ठी हजार रुपैयाँ मात्र), संघीय ससर्त पुँजीगत अनुदानबाट रकम रु. ८२,१२,०००।- (बयासी लाख बाह्र हजार रुपैयाँ मात्र), गाउँपालिकाको आन्तरिक राजश्वबाट प्राप्त रकम रु. २०,५६,०१४।१८ (बीस लाख छपन्न हजार चौध रुपैयाँ अठार पैसा मात्र), संघीय समपुरक अनुदान रकम रु. ४५,००,०००।- (पैंतालिस लाख रुपैयाँ मात्र), संघीय वित्तीय समानीकरण अनुदानबाट रकम रु. ६,३५,८९,६८० (छ करोड पैंतिस लाख उनानब्बे हजार छ सय असी रुपैयाँ मात्र), प्रदेश ससर्त चालुबाट रकम रु. २६,९६,०००।- (अक्षरेपि छब्बिस लाख छयानब्बे हजार रुपैयाँ मात्र), कोशी प्रदेश ससर्त पुँजीगत रकम रु. ६९,८६,०००।- (अक्षरेपि उनान्सत्तरी लाख छयासी हजार रुपैयाँ मात्र), प्रदेश समानीकरणबाट प्राप्त रकम रु. ३९,५९,०००।- (अक्षरेपि उनान्चालिस लाख उनान्साठी हजार रुपैयाँ मात्र) र बैंक मौज्दात रकम रु. २,७३,६८,१७८।२९ (अक्षरेपि दुई करोड त्रिहत्तर लाख अड्सठ्ठी हजार एक सय अठहत्तर रुपैयाँ उनान्तिस पैसा मात्र) गरी जम्मा आम्दानी रकम रु. ३१,३८,८६,६३४।६६ (अक्षरेपि एकतिस करोड अड्तिस लाख छयासी हजार छ सय चौतिस रुपैयाँ छैसठ्ठी पैसा मात्र) रहेको देखिन्छ । यस मध्ये भएको खर्चः जम्मा चालु तर्फ रकम रु. १५,४९,०६,३३६।१६ (अक्षरेपि पन्ध्र करोड उनान्पचास लाख छ हजार तीन सय छत्तिस रुपैयाँ सोह्र पैसा मात्र) र पुँजीगत तर्फ खर्च रकम रु. ६,८१,१५,५६४।८५ (अक्षरेपि छ करोड एकासी लाख पन्ध्र हजार पाँच सय चौसठ्ठी रुपैयाँ पचासी पैसा मात्र) गरी जम्मा खर्च रकम रु. २२,३०,२१,९०१।०१ (अक्षरेपि बाइस करोड तीस लाख एक्काइस हजार नौ सय एक रुपैयाँ एक पैसा मात्र) खर्च भएको व्यहोरा यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु ।

सभा अध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने प्रमुख कार्यक्रमहरु र विनियोजित बजेटको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्षमा आय तर्फ नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रकम रु. ६,८९,००,०००।– (अक्षरेपि छ करोड उनानब्बे लाख रुपैयाँ मात्र), राजश्व बाँडफाँडबाट रकम रु. ६,३२,५६,६५९।- (अक्षरेपि छ करोड बत्तिस लाख छपन्न हजार छ सय उनान्साठी रुपैयाँ मात्र), ससर्त अनुदान तर्फ रु. १४,०४,००,०००।- (अक्षरेपि चौध करोड चार लाख रुपैयाँ मात्र), ससर्त अनुदान पुँजीगत तर्फ १,३८,००,०००।- (एक करोड अड्तिस लाख रुपैयाँ मात्र), संघीय सरकार समपूरक अनुदान तर्फ २,२२,००,०००।- (अक्षरेपि दुई करोड बाइस लाख रुपैयाँ मात्र), विशेष अनुदान चालु तर्फ रु. १,५४,००,०००।- (अक्षरेपि एक करोड चौवन्न लाख रुपैयाँ मात्र) प्राप्त भएको छ । यसैगरी प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रकम रु. ५८,०९,०००।- (अक्षरेपि अन्ठाउन्न लाख नौ हजार रुपैयाँ मात्र), सवारी कर बाँडफाँडबाट रकम रु. ४९,९०,०००।- -(अक्षरेपि उनान्पचास लाख नब्बे हजार रुपैयाँ मात्र), प्रदेश ससर्त अनुदान तर्फ रु. ७५,६५,०००।- (अक्षरेपि पचहत्तर लाख पैसठ्ठी हजार रुपैयाँ मात्र), प्रदेश सरकार पुँजीगत तर्फ १,७२,५९,०००।- (एक करोड बहत्तर लाख उनान्साठी हजार रुपैयाँ मात्र), समपूरक अनुदान पुँजीगत तर्फ १,६०,००,०००।- (एक करोड साठी लाख रुपैयाँ मात्र), जिल्ला समन्वय समितिबाट साझेदारी बापत रु. १८,००,०००।- (अठार लाख रुपैयाँ मात्र), मालपोत कार्यालयबाट घरजग्गा रजिष्ट्रेशन शुल्क बाँडफाँड बापत रु. १,५०,०००।- (एक लाख पचास हजार

रुपैयाँ मात्र), बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर रु. १०,०००।- (दश हजार रुपैयाँ मात्र) रहेको छ भने आ.व. २०८१/०८२ को राजश्व संकलन दरलाई समेत आधार मानी आर्थिक वर्ष २०८२/०८३ का लागि प्रक्षेपित राजश्व रकम रु. ३०,००,०००।- (अक्षरेपि तीस लाख रुपैयाँ मात्र) र आ.व. २०८१/०८२ बाट सरेर जाने बैंक मौज्दात रु. १,२५,००,०००।- (एक करोड पच्चिस लाख रुपैयाँ मात्र) अनुमान गरिएको छ । यसरी आर्थिक वर्ष २०८२/०८३ को जम्मा आय रकम रु. ३९,३०,३९,६५९।- (अक्षरेपि उनान्चालिस करोड तीस लाख उनान्चालिस हजार छ सय उनान्साठी रुपैयाँ मात्र) हुने भएको छ ।

यसरी संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने रकम र पालिकाको आन्तरिक राजश्व संकलनबाट प्राप्त हुने रकम एवम् चालु तथा पुँजीगत रकम गरी आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि कुल बजेट सिमाङ्कन रकम रु. ३९,३०,३९,६५९।- अक्षरेपि उनान्चालिस करोड तीस लाख उनान्चालिस हजार छ सय उनान्साठी रुपैयाँ मात्र) हुने गरी प्रक्षेपित अनुमान गरिएको छ ।

अब व्यय तर्फ विचार गर्दा आगामी आर्थिक वर्ष २०८२/०८३ मा चालु तर्फ रकम रु. २७,४७,०१,०६९।- (अक्षरेपि सत्ताईस करोड सत्चालिस लाख एक हजार उनान्सत्तरी रुपैयाँ मात्र) र पुँजीगत तर्फ रकम रु. ११,८३,३८,५९०।- (अक्षरेपि एघार करोड त्रियासी लाख अड्तिस हजार पाँच सय नब्बे रुपैयाँ मात्र) गरी कुल रुकम रु. ३९,३०,३९,६५९।- (अक्षरेपि उनान्चालिस करोड तीस लाख उनान्चालिस हजार छ सय उनान्साठी रुपैयाँ मात्र) प्रक्षेपण गरिएको व्यहोरा अनुरोध गर्दछु ।

सभा अध्यक्ष महोदय,

साकेला गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम बजेटको विस्तृत विवरण अन्तर्गत अनुमानित आयको विवरण अनुसूची -१, आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम सम्बन्धी खर्चको विवरण अनुसूची -२, वडागत बजेट सिलिङको विवरण अनुसूची -३, संघीय सरकार ससर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम (चालु तर्फ) अनुसूची -४, संघीय सरकार ससर्त अनुदान (पुँजीगत) बाट सञ्चालन हुने कार्यक्रम अनुसुची-५, प्रदेश सरकार ससर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम अनुसूची -६, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानबाट सञ्चालन हुने कार्यक्रम अनुसूची -७ मा समावेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

सभा अध्यक्ष महोदय,

आ.ब. २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुर्याउनु हुने गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारी ज्यूहरु, वस्तीस्तरीय भेलादेखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सकृय हुनुहुने जनसमुदाय, नागरिक समाज, वुद्धिजीवी तथा बजेट निर्माण प्रक्रियामा अहोरात्र खटिनु भएका कर्मचारी लगायत बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष रुपले सहभागी हुनुहुने एवम् अमूल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पूर्ण महानुभावप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

रवि प्रकाश राई
अध्यक्ष